# प्रभाव दैनिक

National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १०६ | काठमाडौं | शुक्रबार, २२ साउन २०८३ | Prabhab National Daily | Friday, 07 August 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ ।-


# सडक खने १० लाख, मिचे ५ लाख जरिवाना !



**■ जेबी योञ्जन**

**काठमाडौं–** सरकारले अघि बढाएको प्रस्ताव पारित भए सडकको क्षेत्र मिचेर अब घर बनाउन नपाइने भएको छ । सडक खनेर पाइप बिछ्याउन पनि पाइने छैन ।

सरकारको अनुमति बिना सडकमा कुनै संरचना राखे लाखौं रूपैयाँ जरिवाना तिर्नुपर्नेछ । यदि बनाइ हाले संरचनालाई अवैध भन्दै भत्काइने भएको र भत्काउँदा लाग्ने खर्च सम्बन्धित व्यक्तिबाटै उठाइने भएको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले तयार पारेको 'सार्वजनिक सडक सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८३' मा यस्तै कडा प्रावधान राखिएको छ ।

मन्त्रालयका प्रवक्ता रामहरि पोखरेलका अनुसार झण्डै पाँच दशकदेखि लागू रहेको सार्वजनिक सडक ऐन, २०३१ लाई विस्थापित गर्ने गरी तयार गरिएको विधेयकमा यदि सडकको क्षेत्रमा पर्ने जग्गा मिचेर घर वा अन्य कुनै संरचना बनाए ५ लाख जरिवाना तिर्नुपर्ने प्रावधान राखिएको हो ।

- सडक मिचेर घर वा भवन बनाए ५ लाखसम्म जरिवाना
- त्यस्ता संरचना भत्काउँदा लाग्ने खर्च सम्बन्धित व्यक्तिबाट असुल गरिने
- सडक सीमाभित्र अनुमति बिना ढल, पाइप वा पोल गाडे १० लाख रूपैयाँसम्म जरिवाना
- ओभरलोड मालवाहक सवारीलाई ५ लाख रूपैयाँसम्म जरिवाना
- सडक कार्यालयले रोपेका रूख काटे वा क्षति पुऱ्याए १ लाख रूपैयाँसम्म जरिवाना

सहकरी विधेयकमार्फत सरकारले सडक अतिक्रमणलाई गम्भीर कानुनी उल्लंघन मानेको छ र त्यसलाई रोक्न यस्तो कडा कानुन ल्याउन लागेको जनाएको छ । विधेयक संसदीय समिति हुँदै दुवै सदनबाट पारित भए सडक सीमाभित्र अनुमति नलिई घर बनाउन नपाइने भएको हो । भवन बनाउन प्रतिबन्ध लाग्नेछ । टहरा वा अन्य कुनै स्थायी संरचना पनि बनाउन पाइने छैन ।

प्रवक्ता पोखरेलले भने, 'यदि कसैले नियम उल्लंघन गरे भने ५ लाख जरिवानाको अतिरिक्त संरचना हटाउँदा लागेको खर्च सडक कार्यालयलाई बुझाउनुपर्ने प्रावधान पनि विधेयकमा छ ।'

विधेयकमा भनिएको छ, 'सडक सीमाभित्र अनुमति बिना निर्माण गरिएको संरचना हटाउन सकिनेछ । हटाउँदा लागेको खर्च सम्बन्धित व्यक्तिबाट सरकारी बाँकीसरह असुल गरिनेछ ।'

सरकारको भनाइमा अहिले सडक विस्तारका बेला सबैभन्दा ठूलो समस्या अतिक्रमण नै बनेको छ । कतै घर छ । कतै पसल त कतै पर्खाल छ भने कतै निजी संरचना छ । यिनै कारण सडक विस्तारमा ढिलाइ हुने गरेको निष्कर्ष सरकारको छ । सडकको सीमामात्रै होइन । त्यसभन्दा बाहिर पनि थप ६ मिटर क्षेत्रलाई 'सेटब्याक' बनाइएको छ ।

क्रमशः पृष्ठ २ मा

# बल्झियो कांग्रेस आधिकारिता विवाद, सर्वोच्चले दियो पुनरवलोकनको निस्सा

कांग्रेस आधिकारिकता विवादमा देउवा पक्षलाई सुनुवाईको मौका दिइएको देखिएन

**■ सर्वोच्च अदालत**

सम्मानित सर्वोच्च अदालतको संयुक्त इजलासले रिट खारेज गरेर टुंग्याइसकेको विषयमा पुनरावलोकनमा नगएको भए पनि लामो बहस पश्चात न्यायिक निरुपण भइसकेकै थियो । यद्यपि पुन परीक्षणले विशेष महाधिवेशनको वैधानिक तथ्य र राजनैतिक सत्यलाई थप फराकिलो ढंगले उजागर गर्न पक्कै मद्दत पुऱ्याउनेछ

**■ विश्वप्रकाश शर्मा**
**उपसभापति, नेपाली कांग्रेस**

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली कांग्रेसको आधिकारिकता विवाद बल्झिएको छ । सर्वोच्च अदालतले शेरबहादुर देउवा र पूर्णबहादुर खड्काले पुनरवलोकनका लागि दिएको निवेदनमा फैसला दिएसँगै विवाद बल्झिएको हो ।

गत पुस मसान्तमा भएको विशेष महाधिवेशनबाट गगन थापा सभापति बनेपछि आधिकारिकता विवाद सतहमा आएको थियो । त्यतिबेला फगुन २१ गते प्रतिनिधि सभाको निर्वाचन हुने भएपछि निर्वाचन आयोगले फास्ट ट्र्याकमार्फत गगन नेतृत्वलाई आधिकारिता दिएको थियो ।

आयोगको यो निर्णयविरुद्ध देउवा र खड्का पक्ष सर्वोच्च अदालत पुगेको थियो । तर सर्वोच्चले त्यतिबेला देउवा र खड्का पक्षको मुद्दामा कुनै अन्तरिम आदेश नदिएपछि विवादका बीच कांग्रेस निर्वाचनमा होमिएको थियो । वैशाख ४ मा सर्वोच्चले गगन नेतृत्वलाई नै मान्यता दियो । यही निर्णयविरुद्ध देउवा र खड्काले सर्वोच्चमा पुनरवलोकन निवेदन दिएको थियो ।

उक्त निवेदनमा प्रधानन्यायाधीश डा. मनोजकुमार शर्मासहित न्यायाधीशहरू नित्यानन्द पाण्डेय र श्रीकान्त पौडेलको पूर्ण इजलासले बिहीबार पुनरवलोकन गर्न अनुमति दिएको हो । डेढ दशक पुराना दुई महत्त्वपूर्ण कानुनी नजिरहरूलाई आधारमा अघिल्लो फैसलामा त्रुटि हुन सक्ने भन्दै पुनरवलोकनको अनुमति (निस्सा) दिएको हो ।

यसअघि न्यायाधीश शारंगा सुवेदी र नृपध्वज निरौलाको इजलासले गगन नेतृत्वलाई आधिकारिकता दिने निर्वाचन आयोगको निर्णय सदर गरेको थियो । निर्वाचन आयोगले २०८२ माघ २ मा कांग्रेसको विशेष महाधिवेशनलाई मान्यता दिँदै त्यहाँबाट निर्वाचित नयाँ पदाधिकारीहरूको अभिलेख अद्यावधिक गर्ने निर्णय गरेको थियो ।

सर्वोच्च अदालतले विशेषगरी दुईवटा पुराना मुद्दामा प्रतिपादित सिद्धान्तलाई यो विवादको चुरो मानेको छ । वीरबहादुर राउत अहिरविरुद्ध गृह मन्त्रालय रहेको मुद्दाको नजिरको रोहमा हेर्दै कांग्रेसको आधिकारिकता विवाद सम्बन्धी मुद्दामा पुनरवलोकनको अनुमति दिएको हो । भदौ २०६८ मा प्रतिपादित यो नजिरले सुनुवाइको मौकालाई न्यायको अनिवार्य शर्त मानेको थियो ।

अदालतले थप व्याख्या गर्दै भनेको छ कि सुनुवाइको मौका नै नदिई गरिएको निर्णयले कानुनी स्थान लिन सक्दैन र त्यस्तो निर्णय वैधानिक हुँदैन । देउवा र खड्काको मुख्य दाबी पनि यही छ कि निर्वाचन आयोग र सर्वोच्चको अघिल्लो इजलासले उनीहरूको कुरा नसुनी एकपक्षीय ढंगले निर्णय गरेको थियो ।





## देउवा मंगलबार फर्कंदै

कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा साउन २६ गते राति काठमाडौं फर्किने भएका छन् । देउवानिकट कांग्रेस नेताहरूकाअनुसार आफू पक्षको राष्ट्रिय भेलामा सम्बोधन गर्न देउवा काठमाडौं आउन लागेका हुन् । संस्थापनइतर पक्षले साउन २९ गते काठमाडौंमा राष्ट्रिय भेला आयोजना गर्दैछ ।

स्वास्थ्योपचारका लागि फागुन १३ गत सिंगापुर गएका देउवा चैत ७ गते हङकङ गएका थिए । देउवा अहिले सिंगापुरमा पुगेका छन् । त्यहीबाट उनी काठमाडौं आउने बताइएको छ । देउवापत्नी आरजु राणा देउवा भने त्यसदिन आइनपुग्ने बताइएको छ ।

## सर्वोच्चले देखायो दुई आधार

सर्वोच्चले पुनरवलोकनका लागि अनुमति दिँदा दुईवटा नजिरलाई आधार मानेको छ । पहिलो गृह मन्त्रालयविरूद्ध वीरबहादुर राउत 'अहिर' को मुद्दामा भएको निर्णय । यो निर्णयमा भनिएको छ, 'कुनै निर्णयबाट कसैको हक अधिकारमा आघात पर्छ भने निर्णय गर्नुपूर्व सुनुवाइको मौका दिनुपर्ने कुरा अनिवार्य र स्वाभाविक हुन्छ ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# पूर्व प्रस्थान अभिमुखीकरण पाठ्यक्रम डिजिटलाइज्डमा ढिलाई



पिडिओटीलाई अनलाइन बनाउने विषय १०० बुँदे कार्यक्रममा परेपनि बजेट थिएन । त्यसबिचमा मन्त्रीज्यू पनि फेरिनुभयो । हामीले आफ्नै प्रयासमा डिजिटल सामग्री बनाएका छौँ । पाठ्यक्रम बनाउने काम अब यो आर्थिक वर्षमा हुन्छ ।

**■ पिताम्बर घिमिरे**
**प्रवक्ता, श्रम मन्त्रालय**

**■ ममता थापा**

**काठमाडौं–** रोजगारीमा जाने श्रमिकको पूर्व प्रस्थान अभिमुखीकरण (पिडिओटी)को पाठचक्रम डिजिटलाइज्डमा ढिलाई हुने भएको छ । सरकारले गत चैत १५ गते सय दिनभित्र पिडिओटीलाई अनलाइन प्रणालीमा राख्न निर्देशन दिएको थियो ।

निवर्तमान युवा, श्रम तथा रोजगार मन्त्री दिपककुमार साहले शासकीय सुधारका एक सय बुँदे कार्यसूची अन्तर्गत सय दिनभित्र पिडिओटीलाई पूर्ण रूपमा अनलाइन प्रणालीमा लैजान निर्देशन दिएका थिए । अभिमुखीकरणको अनलाइन पाठचक्रम बनाउन मन्त्रीले निर्देशन दिएपनि बजेटको अभावले काम गर्न नसकिएको श्रम मन्त्रालयका प्रवक्ता पिताम्बर घिमिरेले बताउँछन् । 'पिडिओटीलाई अनलाइन बनाउने विषय १०० बुँदे कार्यक्रममा परेपनि बजेट थिएन । त्यसबिचमा मन्त्रीज्यू पनि फेरिनुभयो,' प्रवक्ता घिमिरेले भने, 'हामीले आफ्नै प्रयासमा डिजिटल सामग्री बनाएका छौँ । पाठचक्रम बनाउने काम अब यो आर्थिक वर्षमा हुन्छ ।'



योसँगै चालु आर्थिक वर्ष २०८३/८४मा मात्र डिजिटलाइज्ड हुने वैदेशिक रोजगार बोर्डले जनाएको छ । यसबिचमा श्रम मन्त्रालयले आफ्नो वेबसाइट तथा युटुब च्यानलमा जानकारीमुलक श्रव्य दृश्य सामग्री बनाएर राखे पनि श्रमिकको पहुँचमा भने पुगेको देखिँदैन । पछिल्लो तथ्याङ्कअनुसार नेपालबाट दैनिक औसतमा ११ सय बढी युवा पहिलोचोटी वैदेशिक रोजगारीमा जान्छन् । तर मन्त्रालयले करिब एक महिना अघिबाट राख्न थालेको भिडियो सामग्रीमा भिजिटर निकै कम देखिन्छ ।

मन्त्री साहले पिडिओटीलाई अनलाइनबाटै पढेर, अनलाइनबाटै परीक्षा दिने व्यवस्था गर्न निर्देशन दिएसँगै सरोकारवालासँग छलफल गरेर छिट्टै अनलाइन माध्यममा लैजाने गृहकार्य भइरहेको बोर्डका तत्कालीन कार्यकारी निर्देशक द्धारिका उप्रेतीले बताएका थिए । त्यसपछि सरकारले राजनीतिक नियुक्तबाट कार्यरत कर्मचारीलाई सेवामुक्त गराएपछि उनी पदमुक्त भएका थिए । त्यसपछि बोर्ड बैठक बस्न सकेन । त्यसबिचमा बोर्डमा भएको बजेटलाई रकमान्तर गर्नपनि नसकिएकाले यस आर्थिक वर्षमामात्रै काम अघि बढ्ने बोर्डका एक अधिकारीले बताए ।

'बोर्डको आफ्नै बजेट, कार्यक्रम हुन्छन् । गत आर्थिक वर्षमा पिडिओटीको लागि बजेट थिएन,' उनले भने, 'बोर्ड बैठक बस्न नसक्दा रकमान्तर हुन सकेछ । यसपाली चाहिँ राम्रोसँग बजेट विनियोजन गरेका छौँ । कोर्स अपडेट हुन्छ र प्रशिक्षार्थीलाई तालिम पनि दिइन्छ ।' अहिले बोर्ड पिडिओटी दिने संस्थाका आवश्यकताहरू के-के छन्, कति प्रशिक्षार्थी कार्यरत छन् लगायत विवरण संकलन गर्ने तयारीमा रहेको जनाइएको छ ।

क्रमशः पृष्ठ २ मा


## बाढी/पहिरोबाट सचेत होऔं

**बाढी/पहिरो आउनुअघि:**

- स्थानीय रेडियो वा अन्य माध्यमबाट मौसमको जानकारी लिऔं,
- खोला, नदी तथा जोखिमपूर्ण ठाउँबाट सुरक्षित स्थानमा जाऔं,
- घरको नजिक पहिरो खस्न सक्ने ठाउँ भए सावधानी अपनाऔं,
- आपतकालीन झोला -प्राथमिक उपचार सामाग्री, टर्चलाइट, खानेकुरा, लुगालगायत) तयार राखौं,
- जोखिममा परेका बालबालिका, वृद्धवृद्धा र अपांगता भएका व्यक्तिहरूको सुरक्षामा प्राथमिकता दिऔं,

**बाढी/पहिरो आएमा:**

- अनावश्यक हिँडडुल नगरौं,
- सुरक्षित स्थानतर्फ जाऔं,
- बिजुलीका तार तथा खम्बाबाट टाढा रहौं,
- खोलानाला सुरक्षित तवरले तरौं,
- अफवाह नफैलाऔं, सत्य सूचनामात्र आदान-प्रदान गरौं,
- घाइते वा फसेका व्यक्तिको उद्धारमा सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# आमसञ्चारसम्बन्धी तीन प्रमुख ऐनलाई एकीकृत गरी नयाँ विधेयक तर्जुमा तयारी

**काठमाडौं–** सूचना तथा सञ्चार मन्त्रालयले आमसञ्चार क्षेत्रलाई समयानुकूल, एकीकृत र उत्तरदायी बनाउने उद्देश्यसहित राष्ट्रिय आमसञ्चार विधेयक तर्जुमा गर्न तयार पारिएको अवधारणापत्र सार्वजनिक गरेको छ । मन्त्रालयले चालु आर्थिक वर्षभित्रै उक्त विधेयक संसद्मा दर्ता गर्ने लक्ष्यका साथ आवश्यक तयारी अघि बढाइरहेको जनाएको छ ।

सार्वजनिक गरिएको अवधारणापत्रमा संविधानले सुनिश्चित गरेको विचार तथा अभिव्यक्तिको स्वतन्त्रता, सञ्चारको हक र सूचनाको हकलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्दै सूचना प्रविधिको तीव्र विकास, डिजिटल तथा अनलाइन सञ्चारमाध्यमको विस्तार र प्रसारण क्षेत्रको विविधीकरणलाई सम्बोधन गर्न नयाँ एकीकृत कानुन आवश्यक भएको उल्लेख गरिएको छ । त्यसका लागि हाल प्रचलनमा रहेका छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४८, राष्ट्रिय प्रसारण ऐन, २०४९ र श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ लाई प्रतिस्थापन गर्दै एउटै छाता कानुन ल्याउने प्रस्ताव गरिएको छ । मन्त्रालयका अनुसार यी ऐनलाई सामान्य संशोधन गरेरमात्रै अहिलेको आवश्यकता पूरा गर्न सम्भव नभएकाले नयाँ एकीकृत कानुन आवश्यक भएको हो ।

> संविधानले सुनिश्चित गरेको विचार तथा अभिव्यक्तिको स्वतन्त्रता, सञ्चारको हक र सूचनाको हकलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्दै सूचना प्रविधिको तीव्र विकास, डिजिटल तथा अनलाइन सञ्चारमाध्यमको विस्तार र प्रसारण क्षेत्रको विविधीकरणलाई सम्बोधन गर्न नयाँ एकीकृत कानुन आवश्यक छ ।

नयाँ ऐनमार्फत आमसञ्चार क्षेत्रलाई स्वच्छ, स्वतन्त्र, पारदर्शी, मर्यादित र व्यावसायिक बनाउँदै लोकतान्त्रिक शासन व्यवस्थालाई थप सुदृढ गर्ने लक्ष्य राखिएको छ । साथै सञ्चार संस्थाको संस्थागत विकास, उत्तरदायित्व, सुशासन र श्रमजीवी पत्रकारको हक, हित, सेवा, सुविधा तथा सुरक्षालाई समयानुकूल कानुनी आधार प्रदान गरिने जनाइएको छ । सूचना तथा सञ्चार प्रविधि नीति तथा राष्ट्रिय आमसञ्चार नीति, २०७३ कार्यान्वयनका क्रममा देखिएका आवश्यकतालाई सम्बोधन गर्न पनि नयाँ कानुन आवश्यक रहेको मन्त्रालयले जनाएको छ ।

आमसञ्चारमाध्यमको अभिलेखीकरण, इजाजत, नियमन, संस्थागत विकास, टेलिभिजन सिग्नल उत्पादन तथा वितरण, अनुमति, नवीकरण, प्राविधिक अनुगमनलगायतका विषयलाई एउटै कानुनी ढाँचाभित्र समेट्नेगरी विधेयक तर्जुमाको तयारी मन्त्रालयले गरिरहेको छ । यसबाट सञ्चार क्षेत्रको पछिल्लो विकास र प्रविधिगत परिवर्तनलाई कानुनीरूपमा सम्बोधन गर्न सहज हुने ठानिएको छ ।

अवधारणापत्रमा नयाँ कानुन लागू भएपछि आमसञ्चारसम्बन्धी एकीकृत कानुन निर्माण हुने, सञ्चार क्षेत्रको व्यावसायिकता र विश्वसनीयता अभिवृद्धि हुने, प्रेस तथा अभिव्यक्तिको स्वतन्त्रताको संरक्षण हुने, सञ्चार संस्थाको संस्थागत विकास र सुशासन प्रवर्द्धन हुने, अनलाइन सञ्चारमाध्यमको व्यवस्थापन तथा नियमन प्रभावकारी बन्ने, टेलिभिजन सिग्नल तथा केबुल वितरण व्यवस्थित हुने र श्रमजीवी पत्रकारको हकहित थप सुरक्षित हुने अपेक्षा गरिएको छ ।

त्यसैगरी, अवधारणापत्रमा डिजिटल प्रकाशन तथा प्रसारणको स्पष्ट व्यवस्थापन, संघीय शासन व्यवस्थाअनुरूपको कानुनी संरचना, सञ्चारमाध्यमको व्यावसायिकता, पारदर्शिता र जवाफदेहितालाई सुदृढ बनाउने आवश्यकता, अनलाइन सञ्चारमाध्यमको नियमनका लागि स्पष्ट कानुनी आधारको अभाव तथा ओटिटी (ओभर द टप) लगायत नयाँ सञ्चार सेवाको व्यवस्थापनलाई नयाँ कानुनको प्रमुख औचित्यका रूपमा उल्लेख गरिएको छ ।

प्रस्तावित विधेयकमा पत्रपत्रिका, अनलाइन सञ्चारमाध्यम, प्रसारण तथा फ्रिक्वेन्सी व्यवस्थापन, आमसञ्चारसम्बन्धी व्यवस्था, श्रमजीवी पत्रकारको सेवा, सर्त तथा सुविधा, कसूर, सजाय र पुनरवेदन तथा पत्रकार कल्याण कोष स्थापनासम्बन्धी व्यवस्था समावेश गरिने अवधारणापत्रमा उल्लेख छ ।

मन्त्रालयका अनुसार सूचना तथा सञ्चार प्रविधि नीति तथा राष्ट्रिय आमसञ्चार नीति, २०७३ तार्किक (र्‍यासनल) र मिश्रित (मिक्स्ड) पद्धतिबाट तयार गरिएको आधारमा नयाँ विधेयकको अवधारणा विकास गरिएको हो । अवधारणापत्रअनुसार प्रस्तावित कानुन कार्यान्वयनका लागि छुट्टै नयाँ संरचना आवश्यक नपर्ने भएको छ । हाल सञ्चालनमा रहेको सूचना तथा प्रसारण विभागमार्फत नै कार्यान्वयन हुने व्यवस्था प्रस्ताव गरिएको छ । *रासस*

# पदोन्नति भएका १० प्रहरी अधिकृतले पाए दर्ज्यानी चिह्न

**काठमाडौं (प्रस)–** पदोन्नति भएका १० जना प्राविधिक प्रहरी अधिकृतले दर्ज्यानी चिह्न पाएका छन् । प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले बिहीबार उनीहरूलाई दर्ज्यानी चिह्न प्रदान गरेका हुन् ।

नेपाल प्रहरी प्रधान कार्यालयमा प्राविधिक प्रहरी उपरीक्षकबाट प्राविधिक प्रहरी वरिष्ठ उपरीक्षक पदमा एक जना र प्राविधिक प्रहरी नायब उपरीक्षकबाट प्रहरी उपरीक्षक पदमा चार जना, प्राविधिक प्रहरी निरीक्षकबाट प्राविधिक प्रहरी नायब उपरीक्षक पदमा चार जना र प्राविधिक प्रहरी वरिष्ठ नायब निरीक्षकबाट प्राविधिक प्रहरी निरीक्षक पदमा एक जना गरी जम्मा १० जना प्रहरी अधिकृतलाई दर्ज्यानी चिह्न प्रदान गरिएको हो ।

दर्ज्यानी चिह्न पाउनेमा प्राविधिक प्रहरी वरिष्ठ उपरीक्षक दामोदर कँडेल, प्राविधिक प्रहरी उपरीक्षकमा प्राविधिक अमरेन्द्रप्रसाद सिंह, रामबाबु राना, अभयकुमार झा र अनुप श्रेष्ठ, प्राविधिक प्रहरी नायब उपरीक्षमा निशा चौधरी, सञ्जिव दाहाल, रमेशकुमार साह र अञ्जनराज खरेल तथा प्राविधिक प्रहरी निरीक्षक मिनप्रसाद खत्री रहेका छन् ।

प्रहरी महानिरीक्षक कार्कीले दैनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन एवं शान्ति सुरक्षाको व्यवस्थापन, अपराध नियन्त्रण तथा अनुसन्धानलगायत प्रहरी कार्यलाई छिटो, छरितो र प्रभावकारी बनाउन प्राविधिक समूहको महत्त्वपूर्ण भूमिका हुने चर्चा गरे ।

समारोहमा पदोन्नति भएका प्रहरी अधिकृतकोतर्फबाट प्राविधिक प्रहरी वरिष्ठ उपरीक्षक दामोदर कँडेलले प्रहरी संगठनको गरिमा, प्रतिष्ठा र संगठनप्रतिको विश्वासलाई उच्च बनाउनमा सदैव इमानदार, निष्पक्ष, अनुशासित, व्यावसायिक, प्रविधिमैत्री र सेवामुखी रही जिम्मेवारी निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरे । समारोहमा वरिष्ठ प्रहरी अधिकृत र जवानहरूको उपस्थिति थियो ।

# बाँकेमा थपिए तीन हजार ७७६ मतदाता

**नेपालगञ्ज (प्रस)–** निर्वाचन आयोगले मतदाता परिचयपत्र दर्ताका लागि आह्वान गरेपछि बाँकेमा तीन हजार ७७६ मतदाता थपिएका छन् । जिल्ला निर्वाचन कार्यालय, बाँकेका प्रमुख टेकबहादुर शाहीका अनुसार राष्ट्रिय परिचयपत्रका आधारमा दुई हजार ५२९ र नागरिकताका आधारमा एक हजार २४७ जनाले मतदाता परिचयपत्रका लागि नाम दर्ता गराएका छन् ।

राष्ट्रिय परिचयपत्रका आधारमा एक हजार ३७१ पुरुष र एक हजार १५८ महिला तथा नागरिकताका आधारमा ६५७ पुरुष र ५९० महिलाले नाम दर्ता गराएका उनले बताए । आयोगले सूचना जारी नगर्दासम्म निरन्तर मतदाता नामावली दर्ताको काम हुने उल्लेख गर्दै प्रमुख शाहीले युवा पुस्ताले धमाधम मतदाता नामावलीमा नाम दर्ता गराउन थालेका बताए ।

उनले भने, 'अहिले अनलाइनबाट सेवा लिनेहरू बढ्दै गएका छन् ।' प्रमुख शाहीले जिल्लाका कोहलपुर, राप्तीसोनारी, डुडुवा, नरैनापुर, जानकी, खजुरालगायतका क्षेत्रबाट मतदाता नामावलीमा नाम दर्ता भइरहेको उल्लेख गर्दै त्रुटि सच्चाउने र अद्यावधिक गर्ने कार्य पनि जारी रहेको बताए ।

अन्तिम नामावली प्रकाशन भएपछिमात्रै बाँकेमा कति मतदाता नयाँ थपिए भन्ने निर्क्योल हुने उल्लेख गर्दै प्रमुख शाहीले बाहिरी जिल्लाका लागि पनि बाँकेबाट मतदाता परिचयपत्रका लागि नाम दर्ता भइरहेको बताए ।

वि.सं. २०८२ को निर्वाचनसम्ममा बाँकेबाट तीन लाख ५० हजार ३७१ जनाले मतादाता नामावलीमा नाम दर्ता गराएका थिए । तीमध्ये एक लाख ७२ हजार २२३ महिला र एक लाख ७८ हजार १३९ पुरुष रहेका थिए भने अन्य नौ जना रहेका थिए । आयोगले बाँकेमा २०८२ चैत २२ गतेदेखि मतदाता नमावलीका लागि नाम दर्ता गर्ने प्रक्रिया सुरु गरेको थियो ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**कम्पनी गाभ्ने कार्य सम्बन्धी सूचना**

गाभ्ने र गाभिने कम्पनीहरुको मिती २०८३/०३/०९ गते सम्पन्न विशेष साधारण सभाको निर्णयद्धारा पारित प्रस्ताव बमोजिम **श्रि अर्थ मल्टी ट्रेड (प्रा.लि. नं. ३६७०६१)** मा **योडा मोटर्स इन्टरनेशनल (प्रा.लि. नं. ३५११३३)** लाई गाभ्ने निर्णय गरेकोमा गाभिने कम्पनीको सम्पूर्ण सम्पत्ति र दायित्व हालको कम्पनीले व्यहोर्ने सकार्ने गरी योडा मोटर्स इन्टरनेशनललाई श्रि अर्थ मल्टी ट्रेड मा गाभ्ने मिती २०८३/०४/१५ को निर्णयानुसार स्वीकृति प्रदान गरिएको व्यहोरा जानकारी गराइछ ।

---

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: का.म.पा., वडा नं. २८, कमलादी, प्रज्ञा मार्ग
फोन नं.: +९७७-१-५९७१२९७/९८
टोल फ्री नं.: १६६०-०१-७७७७१, (NTC) १८१०-२१-७७७७१, (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्,
त्रिपुरेश्वर शाखा, काठमाडौं महानगरपालिका, त्रिपुरेश्वर
सम्पर्क फोन: +९७७-०१-५३४८१९१

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम् श्री गोडुल ध्वोज कार्कीको नाति, हरि बहादुर कार्कीको छोरा, कोशी प्रदेश भोजपुर जिल्ला, षडानन्द नगरपालिका वडा नं. २ हाल सूर्यविनायक नगरपालिका सिरुटार - ०१ बस्ने ५० वर्षको श्री गजेन्द्र बहादुर कार्कीको मिति २०८३/०३/३० (ई.सं. १४/०७/२०२६) मा मृत्यु भएकोले स्व. गजेन्द्र बहादुर कार्कीकी पत्नी हाल सिरुटार - ०१ बस्ने श्रीमती जमुना बस्नेतले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको त्रिपुरेश्वर शाखा, काठमाडौं महानगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

29 YEARS OF DOING MORE...

---

**भाषासेवी माष्टर जगतसुन्दर बचत तथा ऋण सहकारी संस्था लि., भक्तपुर-३**

**कर्जा तिर्न आउने बारे ३५ दिने सार्वजनिक सूचना**

**प्रकाशित मिति २०८३/०४/२२**

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत विभिन्न मितिमा लिएको कर्जा सहकारी संस्थाको शर्त कबुलियत लिखत बमोजिम भाखामा कर्जाको साँवा, ब्याज, हर्जाना लगायतका रकम सहकारी संस्था संग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत बमोजिम समयमा नै तिर्न बुझाउनु पर्नेमा सो रकम नबुझाएको हुँदा कर्जा चुक्ता गर्न पटक पटक मौखिक तथा लिखित ताकेता गर्दा समेत सो को बेवास्ता गरी संस्थालाई तिर्न बुझाउनु पर्ने ऋण रकम नबुझाई संस्थाको शर्त बन्देज उलंघन गरेको हुँदा ऋण चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सम्पूर्ण ऋण रकम चुक्ता गर्न आउनु र रकम बुझाई सकेको भए सोको प्रमाण पेश गर्न आउनु होला । अन्यथा समय भित्र सहकारी संस्थाको ऋण चुक्ता नभएमा सहकारी ऐन २०७४ ,सहकारी नियमावली २०७५, स्थानीय सरकारको सहकारी ऐन २०७६ तथा प्रचलित कानून बमोजिम ऋणीहरुको अन्य चलअचल सम्पतिबाट समेत असुल उपर गरिने ब्यहोरा यसै सूचनाबाट जानकारी गरिन्छ ।

**तपसिल**

| क्र.स. | ऋणीको विवरण | फोटो | क्र.स. | ऋणीको विवरण | फोटो |
|---|---|---|---|---|---|
| १. | ऋणीको नाम : सुवर्ण तारा कासुला<br>ना.प्र.नं.: २६३००/३१७<br>बाबुको नाम : सुर्य नारायण सुवाल<br>पतिको नाम : कृष्ण प्रसाद कासुला<br>ससुराको नाम : कृष्ण गोविन्द कासुला<br>स्थायीठेगाना : भ.न.पा. ५ याछें |  | ६ | ऋणीको नाम : बिबेक लागेजु<br>ना.प्र.नं.: २९-०१-७१-०२०४०<br>बाबुको नाम : कान्छा लागेजु<br>बाजेको नाम : चन्द्र बहादुर लागेजु<br>स्थायी ठेगाना : चा.न.पा. ०२ छालिङ्ग<br>हालको ठेगाना : भार्वाचो ०१ |  |
| २. | ऋणीको नाम : माया लामा<br>ना.प्र.नं.: ३०३०४६/५६२<br>बाबुको नाम : धर्म सिं तामाङ्ग<br>पतिको नाम : चन्द्र बहादुर तामाङ्ग<br>ससुराको नाम : कामी ताई तामाङ्ग<br>स्थायी ठेगाना : काभ्रेपलान्चोक, ४ नारायणस्थान |  | ७ | ऋणीको नाम : सनिल श्रेष्ठ<br>ना.प्र.नं.: १४५१५<br>बाबुको नाम : मान बहादुर श्रेष्ठ<br>बाजेको नाम : चतुरे श्रेष्ठ<br>स्थायी ठेगाना : का.म.न.पा. ९ साङला |  |
| ३. | ऋणीको नाम : ओम कल्याण शाक्य<br>ना.प्र.नं.: ७९५<br>बाबुको नाम : शुभ कल्याण शाक्य<br>बाजेको नाम : उजिर बहादुर शाक्य<br>स्थायी ठेगाना : चितवन २ भरतपुर |  | ८ | ऋणीको नाम : राजु शाहि<br>ना.प्र.नं.: २८-०१-०६७-०३०२१<br>बाबुको नाम : सुरेन्द्र शाहि<br>आमाको नाम : हिमा अधिकारी<br>स्थायी ठेगाना : ललितपुर,२ चापागाउँ | |
| ४ | ऋणीको नाम : राधा मोक्तान<br>ना.प्र.नं.: १९/२०९५/८३<br>बाबुको नाम : ज्ञान बहादुर हेन्जन<br>पतिको नाम : अम्बर बहादुर मोक्तान<br>स्थायी ठेगाना : सर्लाही, लालबन्दी,२ |  | ९ | ऋणीको नाम : अष्ट माया थापा क्षेत्री<br>ना.प्र.नं.: ४३०<br>बाबुको नाम : हिरा काजी महर्जन<br>ससुराको नाम :हर्क बहादुर थापा क्षेत्री<br>स्थायी ठेगाना : दोलखा,३ बोच |  |
| ५ | ऋणीको नाम : हरिभक्त खड्का के.सी<br>ना.प्र.नं.: ९१५२३८०<br>बाबुको नाम : टेक बहादुर खड्का<br>बाजेको नाम : लक्ष्मण खड्का<br>स्थायी ठेगाना : झापा, सुरुङ्गा-१ |  | | | |

---

**मोटरसाइकल हराएको सूचना**

मिति २०८३/०४/१५ गते का.जि.ता.न.पा-२, काभ्रेस्थलीमा पार्किङ गरी राखिएको अवस्थामा निलो/कालो रङ्को केटिएम ड्युक २५० सि.सि. मोटरसाइकल रातको अन्दाजी १०:०० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : सुर्यमान तामाङ्ग**
**बाइक नं.: बा.प्र.-०२-०६६ प ५९१९**
**च्यासिस नं.: MD2JPEXM4TN052674**
**इन्जिन नं. : T96206315**
**ठेगाना : रुवी भ्याली गा.पा.०४, धादिङ**
**सम्पर्क नं. ९७०५५१७१६९**

---

**मोटरसाइकल हराएको सूचना**

मिति २०८३।०४।१९ गते काठमाडौं जिल्ला, का.म.न.पा.वडा नं.६ मुलपानी बाबाचोक नजिक पार्किङ गरी राखिएको अवस्थामा बजाज कम्पनीको कालो/राती रङ्गको २२० सी.सी.को पल्सर मोटरबाइक अन्दाजी दिनको ११:०० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : हुलाश फिन सर्भ कम्पनी**
**ऋणीको नाम : राजेश श्रेष्ठ**
**बाइक नं. : बा.प्र. ०२-०५६ प ८१८७**
**च्यासिस नं. : MD2A13EX15CM80876**
**इन्जिन नं. : DKXCLS10834**
**सवारी मोडल नं. : 2025**
**ठेगाना : चौतारा साँगाचोकगढी, सिन्धुपाल्चोक**
**सम्पर्क नं. : ९८५११२३३४६**

---

**एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको**
**तपसिलको ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतीस) दिने सूचना**

**(प्रकाशित मिति: २०८३।०४।२२ को प्रभाव राष्ट्रिय दैनिक)**

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीहरूले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला । उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानून तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणी तथा व्यक्तिगत/सामुहिक जमानतकर्ताहरुको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा प्रचलित कानून बमोजीम अन्य कानूनी कारवाहिहरुको प्रकृया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत/सामुहिक जमानी दिनु हुने जमानतकर्ता महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

**तपसिल**

**ऋणी र कर्जा शिर्षकको विवरण:**

**१. ऋणीको नाम: पाथिभरा स्टोर्स** — **कर्जा शिर्षक:** सजिलो QR कर्जा
(शिवसताक्षी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, ब्याङ्गडाँडा, झापामा दर्ता रहेको), दर्ता नं.: २६३, दर्ता मिति: २०७८/०५/२८, स्थायी लेखा नं.: ६१६७०८३४५, ठेगाना: झापा जिल्ला, शिवसताक्षी न.पा., वडा नं. ११, दुधे ।
**प्रोप्राईटर:**
**रुप नारायण अधिकारी:** ना.प्र.प.नं (जारी मिति/स्थान): ८५२४१९१८(२०५७/११/१७/झापा), बाजेको नाम: तुलसीराम अधिकारी, बाबुको नाम: उमानाथ अधिकारी, ठेगाना: झापा जिल्ला, सतासीधाम गा.वि.स. वडा नं. ६, हाल परिवर्तित झापा जिल्ला, शिवसताक्षी न.पा., वडा नं. ११, दुधे ।

**२. ऋणीको नाम: चन्दन प्रसाद केवरत** — **कर्जा शिर्षक:** डिजिटल खेती कर्जा
ना.प्र.प.नं (जारी मिति/स्थान): ०५-०२-७४-०४३३४(२०७४/०९/१२/मोरङ्ग, रंगेली), बाजेको नाम: थिथारु मण्डल, बाबुको नाम: सत्य नारायण केवरत, ठेगाना: मोरङ्ग जिल्ला, रंगेली न.पा. वडा नं. ५ ।

**३. ऋणीको नाम: कृष्ण कुमार सहनी** — **कर्जा शिर्षक:** डिजिटल खेती कर्जा
ना.प्र.प.नं (जारी मिति/स्थान): ०५-०६-७७-०११५०(२०७७/०८/१६/मोरङ्ग, रंगेली), बाजेको नाम: विशेश्वर सहनी, बाबुको नाम: दिप कुमार सहनी, ठेगाना: मोरङ्ग जिल्ला, रंगेली न.पा. वडा नं. ८ ।

**४. ऋणीको नाम: नवराज सुनुवार** — **कर्जा शिर्षक:** डिजिटल खेती कर्जा
ना.प्र.प.नं (जारी मिति/स्थान): ३०१०३९/१७५०८३(२०६५/०९/०६/काभ्रेपलाञ्चोक), बाजेको नाम: दिल बहादुर सुनुवार, बाबुको नाम: लाल बहादुर सुनुवार, ठेगाना: काभ्रेपलाञ्चोक जिल्ला, मण्डनदेउपुर न.पा. वडा नं. ३ ।

**५. ऋणीको नाम: सोम बहादुर मोक्तान** — **कर्जा शिर्षक:** डिजिटल खेती कर्जा
ना.प्र.प.नं (जारी मिति/स्थान): ३०१०३९/१८५२१४(२०६६/०७/२९/काभ्रेपलाञ्चोक), बाजेको नाम: सुर्य तामाङ, बाबुको नाम: गुन सिं तामाङ, ठेगाना: काभ्रेपलाञ्चोक जिल्ला, नयाँगाउँ देउपुर गा.वि.स. वडा नं. ७ भई हाल परिवर्तित काभ्रेपलाञ्चोक जिल्ला, मण्डनदेउपुर न.पा. वडा नं. ४ ।

NMB BANK एनएमबि बैंक — समृद्ध नेपालको लागि | A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands | Member of: Global Alliance for Banking on Values

**एनएमबि बैंक लिमिटेड**
कर्जा असूली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

---


**कतारमा रोजगार** — कम्पनी : **HLA W GHLA LTDYAFH**

पूर्व स्वीकृति मिति : २०८३/०४/२१ | LT. No. 346101 | चलानी नं.६०२५९३६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ground Host for Reservation | 0 | 2 | 1700 | ७०,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन २९ गते (14th Aug. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD**
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958-01-5918957
E-mail : confident1423@gmail.com, Web: www.confidentmanpower.com
श्रम ईजाजत नं. १४२३/०७४/७५

**साउदीमा रोजगार** — कम्पनी : **TARIQI TRANSPORT COMPANY**

पूर्व स्वीकृति मिति : २०८३/०४/१५ | LT. No. 345769 | चलानी नं. ६०२५९०५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 2 | 0 | 1800 | ७२,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन २९ गते (14th Aug. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**AL-HERA OVERSEAS PVT. LTD.**
Tilganga, Ktm, Nepal, Tel: +977-1-4465886, 4465902, E-mail:alheraoverseas@ntc.net.np, jaynulrain@yahoo.com, khatunrain78692@gmail.com, Website :www.al-heraoverseas.com
श्रम ईजाजत नं. ५०१/०६१/०६२

**कतारमा रोजगार** — कम्पनी : **QATAR NAVIGATION**

पूर्व स्वीकृति मिति : २०८२/०५/३१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/२१ | LT. No. 331176 | चलानी नं. ६०२४४९१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Foreman | 5 | 0 | 2500 | १०४,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Vehicle Driver | 8 | 0 | 2200 | ९१,५३० | | | | | | | |
| 3 | Driver | 6 | 0 | 2200 | ९१,५३० | | | | | | | |
| 4 | Load & Unloading Workers | 7 | 0 | 1000 | ४१,६०५ | | | | | | | |

**अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन २९ गते (14th Aug. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**ASLIYA MANPOWER SUPPLY PVT. LTD.**
Kathmandu Metropolitian City-9, Gairigaun, Bagmati Province, Phone No. 9843148012, 9707934456
श्रम ईजाजत नं. १६६९/०८०/०८१

**साउदीमा रोजगार** — कम्पनी : **SAS JAZIRAT AL ARAB TRADING, CONTRACTING & INDUSTRIAL SERVICES COMPANY LIMITED**

पूर्व स्वीकृति मिति : २०८३/०४/२१ | LT. No. 346142 | चलानी नं. ६०२५९४०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 15 | 0 | 1000 | ४०,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन २९ गते (14th Aug. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**All Asia Overseas Pvt.Ltd**
Ratopul, Gaushala-7, Kathmandu, Nepal, Swostika Pariyar : 9706125170
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम ईजाजत नं. १३०५/०७४/०७५

**युएइमा रोजगार** — कम्पनी : **CROWNE PLAZA HOTEL DUBAI JUMEIRAH**

पूर्व स्वीकृति मिति : २०८१/११/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/२१ | LT. No. 319703 | चलानी नं. ६०२३३८७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Commis Chef | 10 | 0 | 1200 | ४९,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Demi Chef De Partie | 10 | 0 | 2000 | ८२,७१० | | | | | | | |
| 3. | Housekeeping Attendant/cleaner General | 16 | 7 | 1000 | ४१,३५५ | | | | | | | |
| 4. | Steward/kitchen Helper | 20 | 0 | 1000 | ४१,३५५ | | | | | | | |
| 5. | Waiters | 14 | 0 | 1200 | ४९,६२५ | | | | | | | |
| 6. | Waitress | 0 | 10 | 1200 | ४९,६२५ | | | | | | | |

कम्पनी : **HOLIDAY INN EXPRESS - DUBAI SAFA PARK**

पूर्व स्वीकृति मिति : २०८२/०५/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/२१ | LT. No. 329465 | चलानी नं. ६०२४३३००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 8 | 0 | 1200 | ४९,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Steward | 18 | 0 | 1000 | ४१,३५५ | | | | | | | |
| 3 | Commis Kitchen | 8 | 0 | 1200 | ४९,६२५ | | | | | | | |
| 4 | Housekeeping Attendant | 19 | 7 | 1000 | ४१,३५५ | | | | | | | |
| 5 | Waitress | 0 | 9 | 1200 | ४९,६२५ | | | | | | | |

**अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन २९ गते (14th Aug. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**B.J. OVERSEAS PVT. LTD.**
New Plaza, Putalisadak, Kathmandu Nepal, Tel No. 01-4538698/4530905, For grievance: 9812233444
For demand/inquiry - 9828770376, 9841497909, E-mail : bjoverseaspvtltd@gmail.com, Web: www.bj.com.np
श्रम ईजाजत नं. ४५२/०६०/०६१

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## डिजिटल नेपाललाई गिज्याइरहेको यातायात विभागको सेवा

**विश्व अनलाइन प्रणालीमा प्रवेश गरेको धेरै भइसक्यो। नेपालजस्तो विकासोन्मुख देश भने यसमा अभ्यास्त हुन अझै सकेको छैन। यसको पछिल्लो उदाहरण हो यातायात कार्यालयहरूमा देखिएको समस्या। सार्वजनिक प्रशासन सेवामा मानवीय जनशक्तिबाट ढिलासुस्ती हुने भन्दै प्रविधिको प्रयोग बढ्न थालेको छ।**

**यहीअनुसार यातायात व्यवस्था कार्यालयले नयाँ आर्थिक वर्ष प्रवेशसँगै इडिएलभीआरए प्रणाली लागू गरेको थियो। तर परीक्षणबिनै सोझै सार्वजनिक सेवा थालेको यो प्रणाली ठप्प हुँदा अहिले यातायात व्यवस्था कार्यालय ठप्प रहेको छ। बनिसकेका पुराना लाइसेन्स बाँड्नेबाहेक देशभरका ४३ वटै कार्यालयले २१ दिन यता अरु काम गर्न सकेको छैन।**

**लाइसेन्स नवीकरण, नयाँ जारी गर्नेदेखिका कामहरू अहिले ठप्प रहेको छ। यसका कारण हजारौं सेवाग्राही चरम मारमा परेका छन्। नयाँ लाइसेन्सको आवेदन, लिखित परीक्षा, ट्रायल, नवीकरण, वर्ग थप, प्रतिलिपि र विवरण संशोधनजस्ता सम्पूर्ण आधारभूत सेवाहरू पूर्णतः रोकिँदा राजश्व संकलनमा समेत असर परेको छ। दैनिक १५ हजारसम्म सेवाग्राही पुग्ने यातायात कार्यालयहरूमा नयाँ प्रणाली लागू भएको २० दिन बितिसक्दा सबै सेवाग्राही प्रणालीमा जोडिन सकेका छैनन्।**

**प्राविधिक प्रणाली लागू गर्नुअघि त्यसको सुरक्षा, क्षमता, प्रभावकारिता र सम्भावित त्रुटिहरूको सुक्ष्म अध्ययन गर्नु न्यूनतम प्रशासनिक मापदण्ड हो। तर, यातायात व्यवस्था विभागले बिनातयारी हतारमा यो प्रणाली लागू गर्दा प्रणालीमा राजस्व कार्यालय फरक देखिने, ट्रायल फेल भएकाहरूको संख्या गलत देखाउने, स्वास्थ्य परीक्षणको चरणमा डाटा ट्र्या नहुने र प्राविधिक झमेलाहरू पैदा भएका छन्।**

**लाइसेन्स केवल एउटा कार्ड मात्र होइनह यो युवाहरूको वैदेशिक रोजगारी, अध्ययन, र दैनिक जीविकोपार्जनसँग जोडिएको अत्यावश्यक कागजात हो। समयमा लाइसेन्स नपाउँदा वा प्रक्रिया रोकिँदा नागरिकको पेशागत र व्यक्तिगत जीवनमा प्रत्यक्ष असर परेको छ। प्राविधिक विकास र सुधारका नाममा राज्यले नागरिकको समय, श्रम र आर्थिक नोक्सानीमाथि खेलबाड गर्न मिल्दैन।**

**डिजिटल नेपालको नारा घन्काउने सरकारले संवेदनशील सेवामा देखाएको यो चरम लापरबाही हो। सरकारले अब यो प्रणालीका त्रुटिहरू समाधान गर्न आवश्यक टोली खटाउनैपर्छ। नागरिकलाई सास्ती दिएर गरिने 'डिजिटल क्रान्ति'को कुनै औचित्य हुँदैन। सर्वसाधारणको अधिकार र समयको कदर गर्दै रोकिएका सबै यातायात सेवाहरू छिट्टै शुरु गर्न सरकारको गम्भीर ध्यान जान जरुरी छ।**

# पोडवे यातायातले खोल्न सक्छ नयाँ सम्भावनाको ढोका



❑ कृष्ण अधिकारी

"

पोडवेले सडक यातायातलाई पूर्णरूपमा प्रतिस्थापन गर्ने होइन । बरु बस सेवा, सम्भावित मेट्रो वा रेल, रोपवे, साइकल लेन तथा पैदलमार्गसँग एकीकृत सार्वजनिक यातायात प्रणालीको पूरक माध्यमका रूपमा यसको विकास गर्न सकिने अवधारणा अघि सारिएको छ । विश्वका धेरै सहरले पनि एउटै प्रणालीमा निर्भर हुनुको सट्टा बहुआयामिक सार्वजनिक यातायात सञ्जाल निर्माणलाई प्राथमिकता दिएका छन् । नेपालले विद्युतीय सवारीसाधन प्रवर्द्धनलाई प्राथमिकता दिइरहेका बेला भविष्यका सार्वजनिक यातायात प्रणालीबारे अध्ययन सुरु गर्नु समयसापेक्ष मानिएको छ ।

काठमाडौं उपत्यकामा बिहान कार्यालय समय सुरू हुनुअघि नै सडकमा सवारीसाधनको लाम लाग्न थाल्छ । साँझ कार्यालय बन्द भएपछि त्यही दृश्य झन् जटिल बन्छ । केही किलोमिटर दूरी पार गर्न घण्टौं लाग्ने अवस्था राजधानीका बासिन्दाका लागि नौलो विषय रहेन । सडक विस्तार, फ्लाइओभर, नयाँ चक्रपथ तथा वैकल्पिक सडक निर्माणका प्रयास भइरहे पनि बढ्दो सवारी चापका कारण ट्राफिक जाम, वायु प्रदूषण र यात्रामा हुने ढिलाइ दीर्घकालीन चुनौतीका रूपमा देखिएका छन् । काठमाडौंमात्र होइन, पोखरा, भरतपुर, बुटवल, विराटनगर, नेपालगञ्जलगायत प्रमुख सहरमा पनि तीव्र सहरीकरणसँगै सार्वजनिक यातायात व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ । यही परिस्थितिमा विश्वका विभिन्न मुलुकले प्रयोग र परीक्षण गरिरहेका आधुनिक विद्युतीय सार्वजनिक यातायात प्रणालीमध्ये 'पोडवे' वा पर्सनल र्‍यापिड ट्रान्जिट (पिआरटी)' नेपालका लागि सम्भावित विकल्पका रूपमा चर्चा हुन थालेको छ ।

यातायात क्षेत्रका विज्ञहरूका अनुसार पोडवे कुनै परम्परागत रेल प्रणाली होइन, यो साना विद्युतीय क्याप्सुल (पोड) मार्फत यात्रुलाई स्वचालितरूपमा गन्तव्यसम्म पुर्‍याउने सार्वजनिक यातायात प्रणाली हो । सामान्यतया दुईदेखि ५० जनासम्म यात्रु अट्ने पोड कम्प्युटर प्रणालीद्वारा सञ्चालन हुन्छन् । यात्रुले गन्तव्य चयन गरेपछि पोड बीचमा अनावश्यक रूपमा नरोकी सीधै गन्तव्यसम्म पुग्ने भएकाले समय बचत हुने र सेवा नियमित हुने अपेक्षा गरिन्छ । विश्वका केही मुलुकले सीमित क्षेत्रमा यस प्रणालीको सफल प्रयोग गरिरहेका छन् । बेलायतको हिथ्रो अन्तरार्ष्ट्रिय विमानस्थलमा सन् २०११ देखि सञ्चालनमा रहेको पोड प्रणालीले पार्किङ क्षेत्र र टर्मिनलबीच यात्रुलाई छोटो समयमा आवतजावत गराउँदै आएको छ । संयुक्त अरब इमिरेट्सको मस्दार सिटीमा पनि वातावरणमैत्री सहरी यातायातको विकल्पका रूपमा यसको परीक्षण गरिएको थियो । दक्षिण कोरिया, स्वीडेन, भारतलगायत देशमा पनि यस्ता प्रणालीको सम्भावना अध्ययन र योजना अघि बढिरहेको छ ।

नेपालको वर्तमान यातायात प्रणाली मुख्यतया सडक यातायातमै निर्भर छ । कठिन भौगोलिक वनावट, विशेषगरी पहाडी र हिमाली क्षेत्रका कारण अधिकांश सडकमा बाह्रै महिना यातायात सञ्चालन हुन सक्दैन । भौगोलिक अवस्थिति, छरपष्ट बस्ती र तीव्र सहरीकरणका कारण विकासको प्रमुख पूर्वाधार मानिने सडक यातायातको निर्माण तथा सञ्चालन निकै महँगो रहेको छ । बढ्दो सहरीकरण र सीमित सडक पूर्वाधारलाई हेर्दा यस्ता वैकल्पिक प्रणालीबारे अध्ययन आवश्यक रहेको छ । सडक चौडा पार्ने काम भइरहे पनि सवारीसाधनको संख्या तीव्र गतिमा बढिरहेकाले सडक विस्तारमात्र पर्याप्त नहुन सक्छ । जमिनमाथि स्तम्भमार्फत निर्माण गरिने ट्र्याकमा पोड सञ्चालन गर्न सकिने भएकाले थप जग्गा अधिग्रहणको आवश्यकता कम हुने र सडकको सतहमा हुने भीडभाडलाई समेत केही हदसम्म कम गर्न सकिन्छ । यसका सपोर्ट टावरहरूबीचको दूरी तीन किलोमिटरसम्म हुनसक्ने हुँदा गहिरो खोँच, नदीहरू र कठिन पहाडी भूभागमा विनाकुनै ठूलो संरचना निर्माण गर्न सकिन्छ ।

देशको ऊर्जा क्षेत्रमा आएको परिवर्तनले पनि विद्युतीय सार्वजनिक यातायात प्रणालीको सम्भावना बढाएको छ । पछिल्ला वर्षमा जलविद्युत् उत्पादनमा उल्लेखनीय वृद्धि भएको छ भने सरकारले विद्युतीय सवारीसाधनलाई प्रोत्साहन गर्ने नीति पनि लिएको छ । स्वदेशी विद्युत् प्रयोग गरेर सार्वजनिक यातायात सञ्चालन गर्न सकिए आयातित पेट्रोलियम पदार्थमा निर्भरता घट्नुका साथै विदेशी मुद्रा बचत गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । वातावरण संरक्षणका दृष्टिले पनि यस्तो प्रणालीलाई महत्त्वपूर्ण मानिन्छ । काठमाडौं उपत्यका विश्वका प्रदूषित सहरमध्ये एकका रूपमा पटक-पटक सूचीकृत हुँदै आएको छ । वायु प्रदूषणका प्रमुख स्रोतमा सवारीसाधनबाट निस्कने धुवाँलाई लिइन्छ । विद्युतीय सार्वजनिक यातायात प्रणाली विस्तार गर्न सकिए कार्बन उत्सर्जन र ध्वनि प्रदूषण दुवै घटाउन मद्दत पुग्न सक्छ । जलवायु परिवर्तन न्यूनीकरणका लागि नेपालले गरेका अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयनमासमेत यस्ता प्रविधिले सहयोग पुर्‍याउने विश्वास गरिएको छ । पोडवेले यात्रुलाई मात्र होइन, सामान ओसारपसार( कार्गो) को रूपमा पनि प्रयोग गर्न सकिन्छ ।

यस प्रणालीको अर्को विशेषता यात्राको निश्चित समय हो । सडकमा जाम नहुने भएकाले कार्यालय जाने कर्मचारी, विद्यार्थी, पर्यटक तथा सेवाग्राहीले समयमै गन्तव्यमा पुग्ने सुविधा प्राप्त गर्न सक्छन् । सार्वजनिक यातायातमा देखिने अनियमितता, भीडभाड तथा इन्धनको मूल्यवृद्धिबाट पर्ने प्रभाव पनि कम हुन सक्ने अपेक्षा गरिएको छ । पर्यटन क्षेत्रलाई पनि नयाँ आयाम दिनसक्ने आकलन गरिएको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलदेखि ठमेल, पशुपतिनाथ, नयाँ बसपार्क वा अन्य प्रमुख पर्यटकीय क्षेत्र जोड्ने आधुनिक यातायात सेवा सञ्चालन गर्न सकिए विदेशी पर्यटकका लागि सहज र आकर्षक अनुभव बन्न सक्छ । पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल, फेवाताल र प्रमुख पर्यटकीय क्षेत्र तथा लुम्बिनीमा धार्मिक क्षेत्रभित्र वातावरणमैत्री सार्वजनिक यातायातका रूपमा यसको सम्भावना औंल्याइन्छ ।

नेपालमा सार्वजनिक-निजी साझेदारी, विदेशी लगानी र प्राविधिक सहकार्यको माध्यमबाट यसको विकास सम्भव हुनसक्छ । यातायात व्यवस्था विभागले आव २०८२/८३ मा देशको आर्थिक, पर्यटकीय र दुर्गम क्षेत्रको विकासलाई ध्यानमा राख्दै कूल दुई हजार ५५ मिलोमिटर लामो पोडवेको राष्ट्रिय नेटवर्कको प्रस्ताव गरेको छ । यस प्रविधिलाई कार्यान्वयनमा ल्याउन कानुनी र नीतिगत तयारी पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । नेपालमा हालसम्म चालकविहीन सार्वजनिक यातायात सञ्चालनसम्बन्धी स्पष्ट कानुनी व्यवस्था छैन । तथापि केही पहलहरू भने सुरू भइसकेका छन् । सरकारले सार्वजनिक यातायातको विभिन्न विकल्पहरूको खोजी गर्ने क्रममा पोडवे सेवालाई एक भरपर्दो विकल्पको रूपमा लिँदै केही नीतिगत निर्णयहरू भएका छन् ।

हालै स्वीकृत राष्ट्रिय यातायात नीति, २०८३ मा पनि पोडवे सेवाको आवश्यकतालाई स्वीकार गरिएको छ । आव २०८३/८४ को बजेटमा सरकारले रेल विभाग खारेज गरेसँगै 'रेल बोर्ड' गठन गरी त्यसमार्फत कार्यक्रम काठमाडौं उपत्यकामा तार तथा एआई प्रविधिमा आधारित माइक्रो रेल/पोडवेलाई समावेश गरेको छ । यस प्रविधिलाई काठमाडौं उपत्यकामा कार्यान्वयन गर्न उपत्यकाका १३ वटा स्थानीय पालिकाले गरेको निर्णयका आधारमा २०८० सालमा राजपत्रमा सूचना प्रकाशित भई यसलाई प्राथमिकता राखिएको छ । अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले २०८० जेठमा काठमाडौं उपत्यकाका नदी कोरिडोरमा सवारी चाप कम गर्न माइक्रो रेल पोडवे सञ्चालनको सम्भावनाका लागि सहरी विकास मन्त्रालयलाई पत्राचार गरेको थियो । यस्तै पोडवे प्रविधिलाई १६औं योजना र राष्ट्रिय योजना आयोगको 'प्रोजेक्ट बैंक' मा समावेश गरिसकिएको छ । लगानी बोर्ड नेपालले वीरगञ्ज-काठमाडौं व्यापारिक करिडोरका लागि महत्त्वपूर्ण निर्णय गरिसकेको छ । त्यसैगरी कोशी प्रदेश (सात किलोमिटर), लुम्बिनी विकास कोष र कर्णाली प्रदेशमा (२३१ किलोमिटर) पोडवे सञ्जाल विस्तारका लागि प्रक्रियाहरू द्रूत गतिमा अघि बढेका छन् ।

पोडवेले सडक यातायातलाई पूर्णरूपमा प्रतिस्थापन गर्ने होइन । बरू बस सेवा, सम्भावित मेट्रो वा रेल, रोपवे, साइकल लेन तथा पैदलमार्गसँग एकीकृत सार्वजनिक यातायात प्रणालीको पूरक माध्यमका रूपमा यसको विकास गर्न सकिने अवधारणा अघि सारिएको छ । विश्वका धेरै सहरले पनि एउटै प्रणालीमा निर्भर हुनुको सट्टा बहुआयामिक सार्वजनिक यातायात सञ्जाल निर्माणलाई प्राथमिकता दिएका छन् । नेपालले विद्युतीय सवारीसाधन प्रवर्द्धनलाई प्राथमिकता दिइरहेका बेला भविष्यका सार्वजनिक यातायात प्रणालीबारे अध्ययन सुरू गर्नु समयसापेक्ष मानिएको छ । बढ्दो ट्राफिक जाम, प्रदूषण, इन्धनमा परनिर्भरता तथा सुरक्षित सार्वजनिक यातायातको आवश्यकता सम्बोधन गर्न नयाँ प्रविधिबारे अनुसन्धान र बहस आवश्यक रहेको छ ।

नेपालको भौगोलिक अवस्था, आर्थिक क्षमता, यात्रु माग र प्राविधिक तयारीलाई आधार बनाएर वैज्ञानिक अध्ययन, स्पष्ट नीति, पारदर्शी लगानी व्यवस्था र दीर्घकालीन दृष्टिकोणका साथ अघि बढ्न सकिए पोडवे भविष्यमा सहरी सार्वजनिक यातायातको एउटा प्रभावकारी विकल्प बन्न सक्ने सम्भावना रहेको जानकारहरूको निष्कर्ष छ । देशको विकास यात्रामा अब प्रश्न केवल थप सडक निर्माण गर्नेमात्र होइन, दिगो, सुरक्षित र वातावरणमैत्री सार्वजनिक यातायात प्रणालीको खोजी पनि हो । विश्वमा विकास भइरहेका नयाँ प्रविधिलाई नेपालको आवश्यकता र क्षमताअनुसार मूल्यांकन गर्दै अघि बढ्न सकिए भविष्यमा पोडवेले सहरी यातायात व्यवस्थापनमा नयाँ अध्याय सुरू गर्ने सम्भावनालाई नकार्न सकिँदैन । *रासस*



श्रम सरोकार

## सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

**के-के छन् फाइदा ?**

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

**योगदान रकम कसरी जम्मा गर्ने ?**

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

**नियमित योगदान नगरे के हुन्छ ?**

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।

पाठक मञ्च

## एमालेभित्र आन्तरिक लोकतन्त्रको संकट

एमालेभित्रको प्रदेश सत्ता विवाद र मुख्यमन्त्रीका लागि हानथापले अहिले सबैको ध्यान तानेको छ । यसले वर्तमान नेपाली राजनीतिभित्र मौलाउँदै गएको विकृत सत्ता-राजनीतिको नग्न चित्र छर्लंग पारेको छ । जनअपेक्षा र विकासका सवाललाई पाखा लगाउँदै केवल शक्ति, पद र कुर्सीका लागि दलहरूभित्र चलिरहेको अस्वस्थ प्रतिस्पर्धाले आमनागरिकमा व्यापक निराशा र आक्रोश पैदा गराएको छ ।

समाचारमा उल्लिखित कोशी र बागमती प्रदेशको पछिल्लो राजनीतिक घटनाक्रमलाई सूक्ष्म ढंगले नियाल्दा राजनीतिक दलहरूभित्र आन्तरिक लोकतन्त्र, विधि र पद्धतिको सर्वथा अभाव देखिएको छ । कोशी प्रदेशमा दुईतिहाइ सांसदको विश्वासको मत प्राप्त गरी संविधानको उपधारा ५ अनुसार गठित सरकारका मुख्यमन्त्री हिक्मतकुमार कार्कीलाई हटाउन स्वयं एमाले अध्यक्ष केपी शर्मा ओलीले खेलेको भूमिका र चालिएका कदमहरू अत्यन्त असान्दर्भिक र खेदजनक छन् । आफ्नै दलका निर्वाचित मुख्यमन्त्रीलाई राजीनामा दिन बाध्य पार्न खोज्नु, पछाडिबाट हस्ताक्षर अभियान चलाउनु र दलीय प्रक्रियाभन्दा माथि उठेर भक्तपुरको गुण्डुस्थित निजी निवासबाट शक्ति सञ्चालन गर्न खोज्नुले हाम्रा राजनीतिक दलहरू कति धेरै व्यक्तिवादी र गुटवादी बनिसकेका छन् भन्ने कुरा छर्लंग पार्छ । यदि कार्कीले आफ्नो अडान नराखेको र गणितीय प्राविधिकताले नछेकेको भए जननिर्वाचित नेतृत्वलाई शीर्ष नेताको एउटा सनकका भरमा बली चढाइने निश्चित थियो ।

अर्कोतर्फ, बागमती प्रदेशको दृश्य त झन् टिठलाग्दो र लज्जास्पद देखिएको छ । जम्मा एक वर्षको मुख्यमन्त्रीको छोटो कार्यकालका लागि एमालेभित्र शीर्ष नेताहरूबीच चलेको आरोप-प्रत्यारोप, गुटगत कित्ताकाट, हेटौंडामा सांसदहरूको हस्ताक्षर संकलन र मध्यरातिसम्म गुण्डुमा भएको 'हप्कीदप्की' राजनीतिको विद्रुप रूप हो । चार वर्षदेखि संसदीय दलको नेतृत्व गरिरहेका जगन्नाथ थपलिया र महेश बस्नेतनिकट मानिएका किरण थापा मगरबीचको टकरावमा पार्टी अध्यक्षले अपनाएको शैली लोकतान्त्रिक संस्कारभित्र पटक्कै पर्दैन । मध्यरातिको बैठकमा अध्यक्षको हप्कीदप्की सहन नसकेर संसदीय दलका नेता अचेत भई ढल्नेसम्मको परिस्थिति सिर्जना हुनुले पार्टीभित्रको आन्तरिक दबाब र निरंकुश शैली कति भयानक छ भन्ने पुष्टि गर्छ ।

सत्ता समीकरणको गणित हेर्ने हो भने बागमतीमा एमालेका २५ र नेकपाका २६ गरी ५१ सांसदमात्र छन् । सरकार बनाउन चाहिने स्पष्ट बहुमत (५३ मत) अझै पुगेको छैन र यसका लागि राप्रपा वा अन्य साना दलहरूसँग भिख माग्नुपर्ने अवस्था छ । तर, सरकार कसरी टिकाउ बनाउने, नीति र कार्यक्रम कसरी लागू गर्ने र जनताका समस्या कसरी समाधान गर्ने भन्ने विषयमा छलफल गर्नुको सट्टा सरकार गठन हुनुअघि नै 'कुर्सी कसले पाउने' भन्ने छिनाझपटीमा सम्पूर्ण ऊर्जा खर्च भइरहेको छ ।

संघीयता लागू भएपछि प्रदेश सरकारहरू जनताको घरदैलोको सरकार बन्ने छन्, स्थानीय समस्याहरूको पहिचान र समाधान द्रुत गतिमा हुने छ र विकासले नयाँ उचाइ लिने छ भन्ने आम नेपालीको सपना थियो । तर, प्रदेशहरू केवल काठमाडौंका शीर्ष नेताहरूको गुटगत स्वार्थ पूरा गर्ने थलो, कार्यकर्ता भर्ती केन्द्र र सत्ताको जोडघटाउ गर्ने क्रिडास्थलमा परिणत भएका छन् । शीर्ष नेताको एउटा इसारामा मुख्यमन्त्रीहरू बदलिने, रातारात मन्त्रालय फुटाएर मन्त्रीको संख्या बढाइने र प्रदेशको ढुकुटी स्वाहा पारिने कार्यले गर्दा आज सर्वसाधारण जनतामा 'हामीलाई यो खर्चिलो प्रदेश संरचना चाहिन्न' भन्ने भावना बलियो हुँदै गएको छ ।

पार्टीभित्र गुटबन्दी बढाउने, निष्ठावान् भन्दा 'आफ्ना र खल्तीका' मान्छेलाई पदमा पुर्‍याउने र असहमति राख्नेलाई धम्क्याउने वा पाखा लगाउने केन्द्रीय नेतृत्वको चरित्रले समग्र लोकतान्त्रिक प्रणालीलाई नै धरापमा पारेको छ । यदि राजनीतिक दलहरूले आफ्नो यो चालढाल र कार्यशैलीमा तत्काल सुधार ल्याएनन् भने जनताको धैर्यताको बाँध फुट्ने छ ।

अतः यो पाठकपत्रमार्फत म सम्पूर्ण राजनीतिक दलका शीर्ष नेतृत्व र विशेषगरी एमाले अध्यक्ष केपी शर्मा ओलीलाई व्यक्तिवादी र गुटगत राजनीतिबाट माथि उठ्न जोडदार अपिल गर्दछु । केन्द्रीय हस्तक्षेप बन्द गरी प्रदेशलाई संविधान प्रदत्त अधिकार प्रयोग गर्न दिइयोस् । मुख्यमन्त्री र मन्त्रीको चयन गुटको भागबण्डा वा शक्ति प्रदर्शनका आधारमा होइन, विधि, प्रक्रिया, जनमत र आन्तरिक लोकतन्त्रका आधारमा गरियोस् । सत्ताको हानथाप छाडेर भूकम्प, पहिरो, मन्दी र महँगीले पिल्सिएका जनताका वास्तविक समस्या समाधानतर्फ ध्यान मोड्न म सम्बन्धित सबैको ध्यानाकर्षण गराउन चाहन्छु ।

**- टंक बस्नेत**
सुनसरी



**ग्यासको हाहाकार** | सुर्खेतको वीरेन्द्रनगर नगरपालिका–६ स्थित भेरी ग्यास डिलर अगाडि बिहीबार लाइनमा राखिएको खाली सिलिण्डर । मागअनुसार ग्यासको आपूर्ति हुन नसकेपछि उपभोक्ताले दैनिक सास्ती भोग्दै आएका छन् । *तस्बिरः रासस*

# बिपी कोइराला क्यान्सर अस्पतालमा 'बोनम्यारो' प्रत्यारोपणको तयारी

■ नारायण अधिकारी



**चितवन–** यहाँस्थित बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालले 'बोनम्यारो' (रक्तमासी) प्रत्यारोपणका लागि आवश्यक भौतिक एवं चिकित्सकीय तयारी थालेको छ । यसका लागि नेपाल सरकारसँगको सहकार्यमा चीन सरकारले भवन निर्माण, उपकरण खरिद र चिकित्सक, नर्सलाई तालिम दिनेगरी यो परियोजना अघि बढाएको हो ।

चिकित्सकका अनुसार शरीरको फ्ल्याट हड्डीभित्र हुने बोनम्यारोमा रातो रक्त कोष (आरबिसी), सेतो रक्त कोष (डब्लुबिसी) र प्लेटलेट्स बन्ने गर्छ । बोनम्यारोको रोग विशेषगरी दुई तरिकाले लाग्छ- एप्लास्टिक एनिमिया र रक्त क्यान्सर वा बोनम्यारो क्यान्सर । यी दुवै रोगले बोनम्यारोको नियमित काममा बाधा ल्याइदिन्छ र बोनम्यारोमा बन्नुपर्ने आरबिसी, डब्लुबिसी र प्लेटलेट्स बन्न पाउँदैन । यस्तो अवस्थामा बोनम्यारो प्रत्यारोपण गर्नुपर्ने हुन्छ । बोनम्यारो प्रत्यारोपणमा शरीरको कुनै अंग नै झिक्ने, चिरफार गर्ने हुँदैन । यो भनेको सुइबाट रगत झिक्ने वा बोनम्यारो झिक्ने र सुइबाटै राख्ने विधि हो ।

अस्पतालका निमित्त कार्यकारी निर्देशक डा. उमेश नेपालले चिनियाँ टोली केही दिनअघि दुई साता यहाँ बसेर 'बोनम्यारो' प्रत्यारोपण सेवा सञ्चालनका लागि आवश्यक पूर्वाधारका विषयमा छलफल गरेको जानकारी दिए । टोलीले भरतपुर महानगरपालिका, सहरी विकास तथा भवन निर्माण आयोजना, नेपाल विद्युत् प्राधिकरण भरतपुर वितरण केन्द्रका प्राविधिकसहित बसेर सुझावसमेत लिएको थियो ।

उनका अनुसार यसका लागि नेपाल सरकारसँग पुनः सम्झौतापश्चात् आवश्यक काम अघि बढ्ने छ । अस्पतालको अन्तरंग भवनको अगाडि तीन तलाको भवन बनाइने छ । निमित्त कार्यकारी निर्देशक नेपालका अनुसार सन् २०२६ मा नै काम सुरु गर्ने चिनियाँ टोलीको तयारी छ ।

चिनियाँ सरकारले यो परियोजना सम्पन्न गर्न करिब ३७ मिलियन चिनिया रकम खर्च गर्दै छ । अस्पतालका निवर्तमान कार्यकारी निर्देशक डा. शिवजी पौडेलका अनुसार 'बोनम्यारो' प्रत्यारोपण सेवा सञ्चालनका लागि भवन निर्माण, उपकरण खरिद र जनशक्तिलाई तालिमसमेत चीन सरकारले व्यवस्थापन गर्ने छ । यसअघि नेपाल सरकार र चीनको चिनियाँ अन्तर्राष्ट्रिय विकास सहयोग संस्था (चाइना इन्टरनेसनल डेभलेपमेन्ट को-अपरेसन एजेन्सी) का बीच सम्झौता भइसकेको छ ।

बोनम्यारो युनिट पाँच शयचाको हुने छ । उनका अनुसार सुरुमा पुरानो भवनमा युनिट सञ्चालन गर्ने तयारी गरिएको भए पनि यो सम्भव नहुने भएपछि नयाँ भवन बनाउन लागिएको हो । भवन बनाउने ठाउँको माटो परीक्षणलगायतका काम यसअघि नै सम्पन्न भइसकेका छन् ।

बोनम्यारो युनिटमा काम गर्नका लागि हाल अस्पतालका तीन जना चिकित्सक र नर्स चीनमा तालिम लिइरहेका छन् । निवर्तमान कार्यकारी निर्देशक डा. पौडेलले भने, 'बोनम्यारो प्रत्यारोपणका लागि यसअघि नै तीन स्वास्थ्यकर्मी जनाले छ महिनाको र पाँच जनाले दुई हप्ताको तालिम लिएर फर्किएका छन् ।' त्यहाँ काम गर्ने जनशक्तिलाई चीन सरकारको तर्फबाट थप आवश्यक तालिम दिइँदै छ । उनीहरूले निर्माण थालेको एक वर्ष छ महिनामा काम सम्पन्न गर्ने तयारी गरेको जनाइएको छ ।

यो स्तरको अत्याधुनिक बोनम्यारो प्रत्यारोपण युनिट नेपालमा पहिलो हुने डा. पौडेलको दाबी छ । अहिले बोनम्यारो प्रत्यारोपण गर्नुपर्ने बिरामी विदेश जान बाध्य छन् । यहाँ यो सेवा सुरु भएसँगै कम खर्चमा बिरामीहरूले उच्चस्तरको सेवा पाउने उनी बताउँछन् । वि.सं. २०५१ मा चीन सरकारको सहयोगमा क्यान्सर अस्पताल निर्माण गरिएको थियो । त्यसयता यहाँ निरन्तर चिनियाँ चिकित्सकलेसमेत बिरामीको उपचार गरिरहेका छन् । यहाँ नेपाल सहित भारतका बिरामी समेत उपचार गर्न आउने गर्दछ । *रासस*

# गेटामा ३०० शचयाको शिक्षण अस्पताल सञ्चालन हुने



**सुदूरपश्चिम–** सहिद दशरथ चन्द स्वास्थ विज्ञान विश्वविद्यालयले यसै शैक्षिकसत्रमा ३०० शचयाको शिक्षण अस्पताल सञ्चालन हुने जनाएको छ । उपकुलपति प्रा.डा. सुनिलकुमार जोशीले हाल संगठन तथा व्यवस्थापन सर्वेक्षणबमोजिमका काम धमाधम भइरहेकाले एक महिनाभित्र गेटामा ३०० शचयाको शिक्षण अस्पताल सञ्चालनका लागि आवश्यक उपकरण, शैक्षिक जनशक्ति नियुक्तिलगायतका काम करिब अन्तिम चरणमा रहेको बताए ।

'यसै शैक्षिकसत्रमा चिकित्सा शिक्षाका विभिन्न कार्यक्रम सञ्चालनका लागि मन्त्रिपरिषद्ले स्वीकृति दिइसकेको छ । त्यसअनुसार आवश्यक बजेट व्यवस्थापन भई अन्य सैद्धान्तिक तथा प्राविधिक प्रक्रिया पनि अगाडि बढिसकेका छन्,' उनले भने ।

प्रा.डा. जोशीले सुदूरपश्चिम प्रदेश सरकारबाट बिहीबार चार वटा प्रादेशिक अस्पताललाई शिक्षण अस्पतालका रूपमा प्रयोग गर्न दिने गरी भएको निर्णयको स्वागत गरेका छन् । प्रदेश सरकारको निर्णयले सहकार्यको दायरा विस्तार गर्न महत्त्वपूर्ण टेवा पुग्ने उनको विश्वास छ ।

प्रदेश सरकार मन्त्रिपरिषद्को बिहीबार बिहान बसेको बैठकले कैलालीको सेती, लम्कीचुहा र टीकापुर तथा कञ्चनपुरको महाकाली प्रादेशिक अस्पताललाई शिक्षण अस्पतालका रूपमा प्रयोग गर्न दिने निर्णय गरेको थियो । उपकुलपति प्रा.डा. जोशीले स्वास्थ्य विज्ञान विश्वविद्यालय ऐनबमोजिम आवश्यकताअनुसार तीनै तहका सरकारको स्वामित्वमा रहेका अस्पतालसँग सहकार्य गर्न सकिने र बिहीबारको निर्णयले त्यसमा सघाउ पुगेको बताए ।

विश्वविद्यालयमा शिक्षण कार्य सुरु भएमा विद्यार्थीको प्रयोगात्मक शिक्षण सिकाइ र 'एक्स्पोजर'का लागि समुदायस्तरमासमेत परिचालित हुनुपर्ने भन्दै त्यस क्रममा सबै तहका अस्पतालसँग सहकार्य गरिने उनले बताए । 'विश्वविद्यालय भनेको निकै ठूलो संरचना हो । खासगरी चिकित्सा शिक्षामा सैद्धान्तिक र प्रयोगात्मक अभ्यासको निकै महत्त्व छ । त्यसैका लागि ऐनमा तीनै तहका अस्पतालसँग सहकार्य गर्ने व्यवस्था छ,' प्रा.डा. जोशीले भने, 'हाल चार वटा अस्पतालसँग सहकार्य गर्छौं । भविष्यमा आवश्यकताअनुसार यहाँका सबै अस्पतालसँग सहकार्यको दायरा विस्तार हुन्छ ।'

प्रादेशिक अस्पतालसँगको सहकार्यले विश्वविद्यालयमा शचया विस्तारमा कुनै अवरोध नहुने भन्दै यसले पठनपाठनमा थप सहजता प्रदान गर्ने उनले स्पष्ट पारे । उपकुलपति प्रा.डा. जोशीले प्रादेशिक अस्पतालको शचया देखाएर विश्वविद्यालयको आफ्नै शिक्षण अस्पतालमा शचया विस्तारमा कुनै अवरोध हुन्छ कि भन्ने संशय नराख्न सबैलाई आग्रह गरे ।

'कतिपयमा प्रादेशिक अस्पतालको शचया देखाएर गेटामा शचया विस्तार हुँदैन कि भन्ने संशय पनि हुनसक्छ, तर अन्य अस्पतालसँग सहकार्य गर्ने हाम्रो आधारभूत पक्ष हो । यसले शिक्षण सिकाइको दायरालाई विस्तार गर्ने हो, यहाँ काम रोकिने भन्ने होइन,' उनले भने ।

सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय सम्बन्धमा व्यवस्था गरेको ऐन, २०८२ को दफा २० मा शिक्षण अस्पतालसम्बन्धी व्यवस्था छ । उक्त दफाको उपदफा २ विश्वविद्यालयले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहअन्तर्गत सञ्चालित अस्पतालसँग सम्झौता गरी त्यस्तो अस्पतालमा शैक्षिक कार्यक्रम सञ्चालन गर्न वा त्यस्तो अस्पताललाई शिक्षण अस्पतालका रूपमा उपयोग गर्नसक्ने उल्लेख छ ।

विश्वविद्यालय स्थापनार्थ गठित संघर्ष समितिका संयोजक लोकराज पाण्डेले धेरै वर्षअघि गेटामा ३०० शचयाको अस्पताल सञ्चालन गर्ने निर्णय हालसम्म कार्यान्वयन नभएको अवस्थामा केही आशंका रहेको बताए । आफूहरूको मुख्य माग शिक्षण कार्यसँगै विशिष्टीकृत अस्पताल सञ्चालन रहेकाले सोहीअनुसार दुवै काम एकसाथ अगाडि बढ्नुपर्ने उनको भनाइ छ । 'हामी प्रदेश सरकारको निर्णयमा अविश्वास गरिहाल्दैनौं, तर यही बहाना देखाएर गेटामा पूर्ण शचयामा अस्पताल सञ्चालन गर्ने कुरा नरोकियोस् भन्ने हाम्रो धारणा हो । सोहीअनुसार काम हुनुपर्छ । अब थप अन्योलता बढाउनुहुँदैन,' संयोजक पाण्डेले भने ।

विश्वविद्यलयमा यसै वर्षदेखि शैक्षिकसत्रदेखि एमबिबिएस (५० जना), बिएस्सी नर्सिङ (३० जना), बिएस्सी मेडिकल ल्याब टेक्नोलोजी (एमएलटी (२० जना) र बी अप्टोमेट्री (२० जना) कक्षा सञ्चालन गर्ने तयारी गरिएको छ । त्यसका लागि चिकित्सा शिक्षा आयोगमा आवेदनसमेत बुझाएर आवश्यक प्रक्रिया अगाडि बढाउनुका साथै ७५ प्रतिशत छात्रवृत्तिका लागि स्रोत सुनिश्चित भइसकेको छ । आयोगको टोलीले आगामी भदौमा स्थलगत अध्ययन गरी बाँकी प्रक्रिया अगाडि बढाउने विषयमा आवश्यक निर्णय दिने जनाइएको छ । *रासस*

# मिलापत्रमै टुंगिन्छन् सम्बन्धविच्छेदका मुद्दा

**भद्रपुर (झापा)–** सम्बन्धविच्छेदका लागि अदालत पुग्ने अधिकांश दम्पती अन्ततः आपसी सहमतिमै छुट्टिने गरेको झापा जिल्ला अदालतको तथ्यांकले देखाएको छ । पछिल्लो तीन आर्थिक वर्षमा अदालतमा दर्ता भएका सम्बन्धविच्छेदका तीन हजार ९०० मुद्दामध्ये दुई हजार ३६० मिलापत्रमार्फत टुंगिएका छन् । बाँकी एक हजार ५४० मुद्दामा अदालतले फैसला गरेको छ ।

झापा जिल्ला अदालतका सूचना अधिकारी रामचन्द्र बस्नेतका अनुसार सम्बन्धविच्छेदको निवेदन दर्ता भएपछि अदालतले कानुनबमोजिम दम्पतीलाई मेलमिलाप र आपसी सहमतिका लागि अवसर प्रदान गर्ने गर्छ । न्यायाधीश तथा मेलमिलापकर्ताको पहलमा अंश, परिपूरण, सन्तानको अभिभावकत्वलगायत विषयमा सहमति जुटेपछि धेरै मुद्दा मिलापत्रमार्फत नै टुंगिने गरेका छन् ।

उनका अनुसार मिलापत्रबाट मुद्दा टुंगिँदा लामो अदालती प्रक्रिया, अतिरिक्त खर्च र समयको बचत हुनुका साथै दुवै पक्षको सहमतिमै वैवाहिक सम्बन्धको अन्त्य हुने भएकाले पछिल्लो समय यसप्रति आकर्षण बढेको छ । बालबालिकाको भविष्य, पारिवारिक दायित्व र सामाजिक सम्बन्धलाई ध्यानमा राखेर पनि धेरै दम्पती अदालतको अन्तिम फैसला पर्खनुभन्दा सहमतिमै पुग्ने गरेका छन् ।

अदालतको तथ्यांकअनुसार आर्थिक वर्ष २०८२/८३ मा मात्रै एक हजार ३७३ सम्बन्धविच्छेदका मुद्दा दर्ता भएका थिए । तीमध्ये आठ सय १६ मुद्दा मिलापत्रबाट टुंगिएका छन् भने ३७९ मुद्दामा अदालतले फैसला गरेको छ । वैदेशिक रोजगारी, सामाजिक सञ्जालको दुरूपयोग, पारिवारिक विवाद तथा घरेलु हिंसाका कारण सम्बन्धविच्छेदका मुद्दा बढ्दै गएको पाइन्छ । *रासस*


**युएइमा रोजगार** — कम्पनी : CORE INNOVATION ELECTROMECHANICAL L.L.C
पूर्व स्वीकृति मिति : २०८३/०४/२१ | LT. No. 346149 | चलानी नं. ६०२५९३६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant /helper/labour | 1 | 0 | 1000 | ४१,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Fireman / Watchman | 1 | 0 | 1100 | ४५,४९० | | | | | | | |
| 3. | Riggers | 1 | 0 | 1500 | ६२,०३५ | | | | | | | |
| 4. | Sheet Metal Worker | 1 | 0 | 1500 | ६२,०३५ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन २९ गते (14th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.**
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com
श्रम इजाजत नं. ७७७/०६५/०६६



**मलेसियामा रोजगार** — कम्पनी : GRK SECURITY SDN BHD
पूर्व स्वीकृति मिति : २०८२/०१/३० | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/२१ | LT. No. 323663 | चलानी नं. ६०२३७६८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security | 9 | 0 | 1700 | ७०,२१३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २९ गते (14th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Jasmine Overseas Pvt. Ltd.**
श्रम इजाजत नं.८७४/०६६/०६७
Basundhara, Dhapasi Chauki, Kathmandu,Nepal, Tel : +977-1-4365056, 4387950, 4389279



**साउदीमा रोजगार** — कम्पनी : AL Woustah Food Services Company
पूर्व स्वीकृति मिति : २०८३/०४/२१ | LT. No. 346174 | चलानी नं. ६०२५९४१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 31 | 0 | 1000 | ४०,५३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन २९ गते (14th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1082/073/74
**NEPAL HR SOLUTION PVT. LTD.**
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Tel: 01-01-4593555/4593554, 9852651444
E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com



**मलेसियामा रोजगार** — कम्पनी : FRAZEL HERITAGE HOTEL SDN BHD
पूर्व स्वीकृति मिति : २०८३/०४/२१ | LT. No. 346179 | चलानी नं. ६०२५९३९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Housekeeping (Male) | 5 | 0 | 1700 | ६३,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन २९ गते (14th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**KALIKA HUMAN RESOURCE PVT LTD**
Govt. License 1331/074/75
Basundhara, Kathmandu, Nepal. Tel: +977-01-4987803, 4965281, Pramod : +977 981-8121112
Email: kalikahuman1331@gmail.com Web: www.kalikahuman.com.np



**मलेसियामा रोजगार** — कम्पनी : PLUS MAX SECURITY SDN. BHD.
पूर्व स्वीकृति मिति : २०८३/०४/२१ | LT. No. 346189 | चलानी नं.६०२५९३९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Male Security Guards | 100 | 0 | 1700 | ६३,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन २९ गते (14th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Nexus Human Resource Pvt. Ltd.**
Govt. License 1463/074/075
Basundhara-3, Kathmandu, Nepal, Tel.- +977-1-4016787, Mbl N. 9841093498



**साइप्रसमा रोजगार** — कम्पनी : COSTAS THEODOROU
पूर्व स्वीकृति मिति : २०८३/०१/१७ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०३/२१ | LT. No. 341207 | चलानी नं. ६०२५४७०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव EUR | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DOMESTIC WORKER | 4 | 18 | 400 | ७०,२१३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन २९ गते (14th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Kathmandu International Incorporate Pvt. Ltd.**
Tokha Municipality-10, Samakhushi, Kathmandu, Phone No: 01-4960635, 4952265
4960635 Mobile No. : Raju Nepal 9851009805, Email : kiimanpowernepal@gmail.com
श्रम इजाजत नं. ४४१/०६०/६१



**कतारमा रोजगार** — कम्पनी : ABU ZAID CONTRACTING AND SERVICES
पूर्व स्वीकृति मिति : २०८२/०८/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/२१ | LT. No. 334635 | चलानी नं.६०२४८०९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 5 | 0 | 1000 | ४१,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Housekeeper | 2 | 0 | 1000 | ४१,६०५ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन २९ गते (14th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD**
LIC 1675/080/81
Tokha -07, Basundhara, Kathmandu, Nepal
(Anita Nepal) 9709459391, E-mail : strikeforceasiarecruitment@gmail.com



**मलेसियामा रोजगार** — कम्पनी : BELMONT LOGISTICS SDN. BHD.
पूर्व स्वीकृति मिति : २०८२/०८/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/२१ | LT. No. 334224 | चलानी नं. ६०२५१९०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Goods Transportation Worker | 1 | 0 | 1700 | ६३,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन २९ गते (14th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MINAWA RECRUITMENT H.R. PVT LTD**
Govt.Lic. No- 1168/073/074
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

# प्रभाव दैनिक

शुक्रबार, २२ साउन २०८३ (Friday, 07 August 2026)


## रूपशाला

### 'बा एक योद्धा' भदौ १९ गतेबाट विश्वभर प्रदर्शनमा आउने

पारिवारिक कथावस्तुमा आधारित चलचित्र 'बा एक योद्धा' आगामी भदौ १९ गतेदेखि नेपालसहित विश्वभरका विभिन्न मुलुकमा एकसाथ प्रदर्शनमा आउने भएको छ । चलचित्र कृष्ण जन्माष्टमीको अवसर पारेर प्रदर्शनमा ल्याउन लागिएको निर्माण संस्था आर्टिस्टिक इन्टरटेन्मेन्टले जनाएको छ । चलचित्रको निर्माता वसन्त लम्साल हुन् । चलचित्र हरि लम्सालले निर्देशन गरेका हुन् । कथा र पटकथा समेत उनैले तयार पारेका छन् भने डा. कृष्णहरि बराल, डा.राजुबाबु श्रेष्ठ र सञ्जीव थापाका शब्दमा हरि लम्सालकै सङ्गीत सुन्न सकिनेछ । शिवराम श्रेष्ठको छायांकन रहेको चलचित्रलाई मित्र डी.गुरुङले सम्पादन गरेका छन् । कार्यकारी निर्माता अनिल बुढाथोकी, लाइन प्रोड्युसर अर्जुन पौडेल तथा सह-निर्माता कृष्ण काफ्ले रहेका छन् ।



# 'इलिफेन्ट्स इन द फग'को म्युजिकल ट्रेलर सार्वजनिक

■ प्रभाव संवाददाता



**काठमाडौं–** भदौ १९ गतेबाट प्रदर्शनको तयारीमा रहेको चलचित्र 'तिनीहरू: इलिफेन्ट्स इन द फग'को म्युजिकल ट्रेलर सार्वजनिक भएको छ । निर्माण टिमले आज काठमाडौंमा कार्यक्रम आयोजना गर्दै म्युजिकल ट्रेलर सार्वजनिक गरेको हो ।

ट्रेलरमा सिनेमाका मुख्य पात्रको छटपटी, हतासपन र आक्रोश देखिन्छ । सन्तान हराएको पीडा र उसको खोजीका लागि संघर्षरत आमाको कथा छ । हात्तीले दिने दुःख र त्यसको त्रासमा बाँचिरहेको सिंगो गाउँ ट्रेलरमा देखाइएको छ । तर, हात्ती भने ट्रेलरमा देखाइएको छैन ।

प्रहरीसँग छोरी अप्सरालाई खोजी गरिदिन गरेको आग्रह, आफन्तले नै गरेको शंका र उनको खोजीका लागि आमाले गरेको संघर्ष म्युजिकल ट्रेलरमा देखाइएको छ । क्याची बिटमा म्युजिकल ट्रेलरमा रहेको गीतमा तेस्रोलिंगी समुदाका व्यक्ति नाचिरहेको दृश्य देखिन्छ । भोजपुरी लयको छेउमा रहेर कम्पोज गरेको गीत र त्यसको तालले म्युजिकल ट्रेललाई आकर्षक देखाएको छ ।

केहीको बली चढाइरहेको जस्तो दृश्यले ट्रेलरमा सस्पेन्स थप्ने काम गरेको छ । 'तिनीहरू: इलिफेन्ट्स इन द फग' विश्वप्रसिद्ध कान्स फिल्म फेस्टिभलमा नेपाली सिनेमाको इतिहासमै अहिलेसम्मकै ठूलो सफलता हासिल गरेर नेपालमा रिलिज हुन लागेको चलचित्र हो । 'इलिफेन्ट्स इन द फग'लाई अविनाश विक्रम शाहले निर्देशन गरेका छन् । कान्समा जुरी च्वाइस अवार्ड पाएसँगै यो सिनेमा घरेलु दर्शकमाझ पनि प्रतिक्षित बनेको छ ।

जंगली हात्तीको आतंकबाट आक्रान्त बस्तीमा बसोबास गर्ने अल्पसंख्यक समुदायको कथा भनेको यस चलचित्रमा अभिनेत्री गौरी मल्ल, माओत्से गुरुङ, पुष्पा थिङ लामा, दीपिका यादव, जस्मिन विश्वकर्मा, एलिज घिमिरे, महिमा नवबाग, आकांक्षा कार्की लगायतको अभिनय रहेको छ ।

चलचित्र नेपालसहित फ्रान्स, जर्मनी, ब्राजिल र नर्वेका निर्माण संस्थाको सहकार्यमा निर्माण गरिएको हो । यस चलचित्र निर्मातामा नेपालबाट अनुप पौडेल फ्रान्सबाट जस्टिन पेचबर्टी र डेमियन मेघेर्बी, जर्मनीबाट माइकल हेनरिक्स रहेको छन् । सह-निर्मातामा प्रचण्डमान श्रेष्ठ, ब्रजिलबाट तातियाना लेइते, लेओनार्दो मेक्की, पल जिश्लर, भेरोना मेइर स्टोर्म, मार्टिन रेचबक, सुसन्ने मान, कुमुदिनी गुरुङ श्रेष्ठ र सोहम ढकाल रहेका छन् ।

चार्ल्स अडिनेट लाइन प्रोड्यूसर रहेको चलचित्रका एशोसिएट निर्माता नायिका केकी अधिकारी, प्रतीक सुवेदी र प्रतिभा जोशी छन् । अन्डरग्राउन्ड टकिज नेपालको तर्फबाट सह-निर्मातामा प्रवेश गुरुङ, एशोसिएट निर्माताआदित्य बस्नेत, अनुज पौड्याल, सन्तोष भट्टराई, बेन्जामिन ग्रुब्स

निर्देशक शाहको नै पटकथा रहेको चलचित्रमा अविनाश विक्रम शाह र सन्दीप बादलको कथा छ ।

# फिल्म 'हली' युकेमा सोल्डआउट

■ प्रभाव संवाददाता

**काठमाडौं –** यहीँ साउन २२ गतेबाट नेपालभर प्रदर्शनमा आउन लागेको फिल्म 'हली'युकेमा सोल्ड आउन भएको छ । निर्माण टिम र त्यहाँको वितरक 'सपन इन्टरटेनमेन्ट लिमिटेड'बीच प्रदर्शन अधिकारका लागि सम्झौता भएसँगै सोल्ड आउट भएको हो ।

निर्माण पक्षका अनुसार आगामी सेप्टेम्बर २० तारिखमा अल्डरशटस्थित प्रिन्सेस हलमा आयोजना हुन लागेको विशेष शोका टिकटहरू बिक्री थालिको हो । बेलायतमा फिल्मको प्रदर्शन तथा व्यवस्थापनको जिम्मा 'सपन इन्टरटेनमेन्ट लिमिटेड'ले लिएको हो । शो सुरु हुनु अगावै प्राप्त दर्शकको उच्च उत्साह र शतप्रतिशत टिकट बिक्रीले बेलायतमा नेपाली फिल्मप्रतिको आकर्षण पुनः पुष्टि गरेको आयोजक संस्थाले जनाएको छ ।




यस फिल्मका निर्माताद्वय पूजा गुरुङ र जशिमन श्रेष्ठले आफ्नो फिल्म 'हली'युकेमा प्रदर्शनका लागि बिक्री भइसकेको जानकारी दिए । उनीहरूको अनुसार राम्रै रकममा यो फिल्मको युके प्रदर्शनका लागि बिक्री भएको हो ।

फिल्म प्रदर्शनमा आउन एक साता बाँकी छँदा नेपालमा पनि निर्माण टिमले व्यापक प्रचारप्रसार गरिरहेको छ । केहि दिनअघि फिल्मको प्रचारप्रसार स्वरूप नेपालको पुर्वी जिल्ला झापा,मोरङ,सुनसरी लगायतमा गरेका थिए । पुर्व तथा देशका विभिन्न स्थानमा फिल्मको प्रचारप्रसारलाई तिब्रता दिएको निर्माण टिमले दुई दिनअघि मात्रै नेपालको पश्चिमतर्फ दाङ, नेपालगञ्ज, धनगढीसम्म पुगेको थियो । त्यहाँ रहेका अधिकांश अटो तथा ई-रिक्सा फिल्मको पोस्टरले ढाकिएको थियो ।

हिट निर्देशक ओम प्रतीकले निर्देशन गरेको यो फिल्मलाई व्यवसायी पूजा गुरुङ र जशिमन श्रेष्ठले लगानी गरेका हुन् ।

नेपालमा चलेको छाउपडी प्रथाको कथालाई उठाएको यो विषयवस्तुले धेरैको मन छोएको छ । यस फिल्मको पोस्टर, टिजर तथा गीतहरूले दर्शकमाझ फिल्म हेर्नका लागि कौतुहलता जगाएको छ । निर्माण टिमले किसान वर्गलाई समेत विषयवस्तुमा उठाएको छ । त्यस कारण पनि यो फिल्मको चर्चा बढेको हो ।

निर्देशक ओम प्रतीकले नै लेखेको यस फिल्ममा प्रमोद दीप, सुजता थापा, सरोज खनाल, अरुणा कार्की, अर्जुन गुरुङ, विद्या कार्की, नविन श्रेष्ठ, कञ्चन दुलाल, कमल गाउँले, विशाल पहाडीका साथै निर्देशक ओम प्रतीक स्वयंको मुख्य अभिनय रहेको छ । यस फिल्मको विशेष आकर्षणका रूपमा रहेको प्रमोशनल गीतमा दीपाश्री निरौला, किरण केसी, दिलीप रायमाझी, प्रियंका कार्की र पूजा शर्माजस्ता चर्चित शीर्ष कलाकारहरूको विशेष नृत्य देख्न सकिन्छ ।

जापुरा फिल्मस् प्रोडक्सन र शुभ चिरायू फिल्मस्को सहकार्यमा निर्माण भएको यस फिल्ममा राहुल राईको छायांकन, रामप्रसाद चौधरी र विपिन मल्लको सम्पादन तथा कुमार महर्जनको द्वन्द्व निर्देशन रहेको यस फिल्ममा वरिष्ठ संगीतकार शम्भुजित बास्कोटा, बाबुल गिरी र कृष्ण भारद्वाजको संगीत सुन्न सकिन्छ ।

निर्माता जशिमन श्रेष्ठको शब्द, बाबुल गिरीको संगीत तथा गायक बाबुल गिरी र गायिका शान्ति श्री परियारको स्वर रहेको गीत चलचित्रमा समावेश छ । गीतको कोरियोग्राफी ओम प्रतीक र कविराज गहतराजले संयुक्त रूपमा गरेका हुन् । यस फिल्मको कार्यकारी निर्माता अर्जुन भुसाल, सह-निर्मात्री नम्रता भण्डारी, लाइन प्रोड्यूसर लक्ष्मण कर्माचार्य र मुख्य सहायक निर्देशक जीवननाथ गौतम हुन् । फिल्मको वितरण नेशनल सिने ग्रुप प्रालिले गर्दैछ भने डिजिटल पार्टनर ओएसआर डिजिटल रहेको छ ।

## रंगशाला

# नेपालले तीन टेस्ट राष्ट्रका टोलीसँग प्रतिस्पर्धा गर्ने



**काठमाडौं (प्रस)–** नेपाली राष्ट्रिय क्रिकेट टोलीले सन् २०२६ मा तीन टेस्ट राष्ट्रका टोलीसँग प्रतिस्पर्धा गर्ने भएको छ ।

सार्वजनिक कार्यतालिकाअनुसार नेपालले २१ देखि २९ अगस्टसम्म अस्ट्रेलियामा हुने टप एन्ड टी-२० प्रतियोगितामा बंगलादेश हाई-परफर्मेन्स टोलीसँग खेल्नेछ । यी दुईबीचको खेल २२ अगस्टमा हुनेछ । यस्तै, सेप्टेम्बर ६ मा नेपालले न्युजिल्यान्ड 'ए' टोलीविरुद्ध ५० ओभरको शृंखला खेल्नेछ भने डिसेम्बरमा भारत 'ए' टोलीसँग द्विपक्षीय शृंखलामा प्रतिस्पर्धा गर्ने तालिका रहेको छ ।

बंगलादेश, न्युजिल्यान्ड र भारतजस्ता तीन टेस्ट राष्ट्रका टोलीसँग हुने यी खेलले नेपाली टोलीलाई उच्चस्तरीय अन्तर्राष्ट्रिय अनुभव दिलाउनुका साथै आगामी प्रमुख प्रतियोगिताको तयारीका लागि महत्त्वपूर्ण अवसर प्रदान गर्ने अपेक्षा गरिएको छ ।

## प्रथम प्याराडाइज बास्केटबल

# लालीगुराँस र मनास्लु सेमिफाइनलमा

**काठमाडौं (प्रस)–** लालीगुराँस नेसनल एकेडेमी र मनास्लु प्रथम प्याराडाइस अन्तरकलेज बास्केटबल प्रतियोगिताको ब्वाइजमा बिहीबार सेमिफाइनलमा प्रवेश गरेका छन् ।

लालीगुराँसले निम्सलाई ६६-५५ ले पराजित गर्‍योयो । लालीगुराँसको जितमा रोशन तामाङले १४ अंक योगदान गरे । सिद कार्कीको १५ अंक सहयोगमा मनास्लुले सगरमाथालाई ६१-४८ ले हरायो ।

टोखाको साइबाबा चोकस्थित आयोजक प्याराडाइस स्पोर्ट्स एकेडेमीको हलमा भइरहेको प्रतियोगिताको ब्वाइजमै सीसीआरसी र जेभियर पनि सेमिफाइनलमा पुगे । सीसीआरसीले गोल्डेन इन्टरनेसनल कलेजलाई ६०-३१ ले पाखा लगायो । सीसीआरसीका विसन खड्काले १९ अंक जोडे । जेभियरले हेराल्डलाई ५९-४६ ले पन्छायो । जेभियरका महेन्द्र प्याकुरेलले १९ स्कोर गरे ।

सेमिफाइनलमा जेभियरको भेट लालीगुराँसंग हुनेछ भने सीसीआरसीले मनास्लुको सामना गर्ने छ । गर्ल्सको सेमिफाइनल निम्स र जेभियर तथा एलआरआई र गोल्डेनगेटबीच हुनेछ ।


## ओमनमा रोजगार

कम्पनी : United Rahma Spc

पूर्व स्वीकृति मिति : २०८३/०४/२१ LT. No. 346168 चलानी नं. ६०२५९४१४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dry Cleaning Machine Operator | 2 | 0 | 190 | ७५,१९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २९ गते (14th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)

श्रम ईजाजत नं.११४२/०७३/०७४

Gairigaun - Tinkune, Kathmandu, Nepal, 9813048932 (Abdullah), E-mail : alkausar.hrm@gmail.com


## पृथक बचत तथा ऋण सहकारी संस्था लि.

**प्रधान कार्यालय : कोटेश्वर-३२, काठमाडौं, फोन नं ०१-४६११६९२**


**सेवा केन्द्र : कागेश्वरी मनोहरा-९, सनराइज चोक, काठमाडौं फोन नं ०१-५९१०५११**

### गोप्य शिलबन्दी बोलपत्रद्वारा धितो लिलाम बिक्री सम्बन्धी ३५ दिने अत्यन्त जरूरी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०४/२२**

यस पृथक बचत तथा ऋण सहकारी संस्था लि.बाट तपशिलमा उल्लेखित ऋणीले उपभोग गरेको कर्जाको सांवा, ब्याज र हर्जाना रकम तिर्न बुझाउन पर्नेमा हालसम्म नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लघंन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित पत्रद्धारा सूचना गर्दा समेत तिर्न बुझाउन पर्ने कर्जाको सांवा, ब्याज, हर्जाना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले यो धितो लिलाम बिक्री सम्बन्धी ३५ दिने सूचना प्रकाशित गरीएको छ । अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पत्ति लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ, संस्था, फर्म, कम्पनी तथा सर्बसाधारण महानुभावहरूले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफुले कबोल गरेको रकम सहितको बोलपत्र पेश गर्नु हुन एवं ऋणी तथा धितो जमानीकर्ताले संस्थाको लेना रकम ३५ दिन भित्र चुक्ता गर्नुहुन समेत अनुरोध गर्दछौं । अन्यथा सूचना प्रकाशित भएको ३६ औ दिनमा प्राप्त बोलपत्र खोलिने छ, साथै लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपुर्बक बोलपत्र नपरेमा वा ऋणीले समेत आफुले लिएको कर्जाको सांवा, ब्याज, हर्जाना तथा अन्य लागेको दैदस्तुरको रकम समेत चुक्ता नगरेमा वा चुक्ता गर्न पहल नगरेमा सहकारी ऐन, नियमावली, प्रचलित नीति नियम तथा प्रचलित कानुन बमोजिम यस संस्थाको विनियमले दिएको अधिकार प्रयोग गरी संस्थालाई लेखिदिएको धितो लिलाम विक्री वा धितो सुरक्षण सम्पती पुनः लिलाम बिक्री वा यस संस्था आफैले सकार गरी लिने ब्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ । धितो लेखिदिएको सम्पती लिलाम बिक्री गर्दा वा संस्था आफैले सकार गर्दा साबिकमा संस्थाबाट भएको मूल्याकंन भन्दा कम मूल्यमा बिक्री भयो वा मेरो, हाम्रो सम्पतीको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा संस्था आफैले सकार गरी लियो भनी कहि कतै उजुर बाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा सम्पत्तीबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई कानुन बमोजिम कालो सुचिमा समाबेश गरिने ब्यहोरा समेत सम्बन्धित सबैलाई सुचित गराईन्छ ।

**तपशिल**

| ऋणीको विवरण | ऋणीको तस्विर | धनजमानी | धितो विवरण |
|---|---|---|---|
| **नाम : कल्पना अधिकारी सुवेदी**<br>बुवा : बाबु राम अधिकारी<br>बाजे : जयपति अधिकारी<br>ना.प्र.नं : ७२८४०/२११०१७<br>मिति : २०५४/०७/२४<br>कर्जा शिर्षक : व्यापार<br>स्थायी ठेगाना : साँघुटार-०८, रामेछाप<br>हालको ठेगाना : काठमाण्डौ-३२, कोटेश्वर |  | श्री पदम लाल सुवेदी को नाति श्री ङणु राज सुवेदी को छोरा रामेछाप न.पा साँघुटार-०८ घर भई हाल काठमाण्डौ न.पा कोटेश्वर-३२, मा बस्ने वर्ष ५० को<br>श्री उत्तम प्रसाद सुवेदी<br>ना.प्र.नं २५७३६-२११०१७<br>मिति २०५१/०९/०७ जि.प्र.का. रामेछाप | कल्पना अधिकारी सुवेदीको नाममा भक्तपुर मालपोत कार्यालयमा दर्ता श्रेष्ता कायम रहेको भक्तपुर ताथली वडा नं ८ स्थित कित्ता नं १४३६, क्षेत्रफल ०-५-०-१ रोपनी १६०.९४ वर्ग.मि को जग्गाले चर्चेको लिग लगापात समेत । |

**धितो लिलाम बिक्री सम्बन्धी शर्तहरू :**

१. बोलपत्र फारम यस पृथक बचत तथा ऋण सहकारी संस्था लि.को कार्यालयबाट रू १०००/- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिने छ ।
२. बोलपत्र फाराममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फाराममा आफुले लिन चाहेको अचल सम्पत्तिको बिबरण यस संस्थाबाट प्रकाशित सूचनाको आधारमा नै भर्नुपर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट बिबरण उल्लेख गरी सो को मूल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिईने छ । बोलपत्रमा उल्लेख भएका विषय वाहेक अन्य कुनै थप शर्त राखी वोलपत्र पेश गरेमा त्यस्तो बोलपत्र स्वतः रद्ध हुनेछ ।
३. बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम यस संस्थाको सिटिजन्स बैंकको कोटेश्वर शाखामा रहेको खाता नं. ००९०१००००५१४२०१ मा जम्मा गरेको सक्कल भौचर वा यस संस्थामा नगदै जम्मा गरेको भौचर बोलपत्र साथ पेश गर्नुपर्नेछ ।
४. लिलाम बिक्री हुने धितो सुरक्षणको निरिक्षण गर्न वा न्युनतम मूल्याकंन सम्बन्धमा बुझ्न चाहेमा बोलपत्र पेश गर्नु अगाबै यस संस्थाको कार्यालय कोटेश्वरमा कार्यालय सञ्चालन समय भित्र सम्पर्क राखि जे जस्तो अबस्थामा छ सोहि अबस्थामा निरिक्षण गर्न वा बुझ्न सकिनेछ । साथै सोहि अबस्था वा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
५. बोलपत्र स्वीकृत भएको सूचना पाएको ७ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पती आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुनेछ । नामसारी गर्दा लाग्ने दस्तुर, पुँजिगत लाभकर, पानी, बत्ति, बिजुली, मालपोत कर दस्तुर सदर भएको बोलपत्रदाताले बहन गर्नुपर्नेछ ।
६. बोलपत्र दाखिला भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन ।
७. रित नपुगेको वा म्याद नाघि पेश हुन आएको बोलपत्र स्वत रद्ध हुनेछ ।
८. बोलपत्र स्वीकार गर्ने वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण कार्यगर्ने अधिकार संस्थामा निहित हुनेछ ।
९. बोलपत्र सदर बदर हुनु अगाबै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्ध गरी धरौटी फिर्ता दिन सकिनेछ । धरौटी स्वरुप राखेको रकममा ब्याज दाबी गर्न पाईनेछैन ।
१०. उल्लेखित धितोपत्रहरूका लागि एकमुष्ट वा छुट्टा छुट्टै बोलपत्र पेश गर्न सकिनेछ ।
११. लिलाम सूचना प्रकाशित भएको मितीले ३५ दिन भित्र बोलपत्र पेश गर्नुपर्ने छ । उक्त दिन बिदा परेमा सो को भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिनेछ । लिलाम सूचना प्रकाशित भएको मितिले ३६ औ दिन दिउसो कार्यालय सञ्चालन समय भित्र संस्थाको कार्यालय कोटेश्वर, काठमाडौंमा बोलपत्र खोलिनेछ । यदि ३६ औ दिनमा सार्बजनिक बिदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिनमा उल्लेखित समयमा बोलपत्र खोलिनेछ । ३५ दिन सम्म ऋणी वा धितो जमानतवालाले संस्थाको ऋण चुक्ता बुझाई धितो फुकुवा गरी लैजान सक्नेछ ।
१२. प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरूको रोहबरमा खोलिनेछ । यदी बोलपत्र पेश गर्ने ब्यक्ति वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न संस्थालाई बाधा परेको मानिने छैन ।


## युएइमा रोजगार

कम्पनी : AL DAR AL QADIM BUILDING MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८२/०३/२३ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/२१ LT. No. 326566 चलानी नं. ६०२४०८५९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Layer | 4 | 0 | 1000 | ४१,३५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaners (Famale) | 0 | 10 | 1000 | ४१,३५६ | | | | | | | |
| 3 | Receptionist | 0 | 1 | 1500 | ६२,०३४ | | | | | | | |
| 4 | Office Secretary | 0 | 1 | 2500 | १,०३,३९१ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन २९ गते (14th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Mobhira Overseas Service Pvt. Ltd.**

Basundhara, Kathmandu, Nepal, Tel: +977 -014982832

Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com

Govt. License 083/053/054

## कुवेतमा रोजगार

कम्पनी : AL KARAM AL ARABI FOR CATERING SERVICES CO.

पूर्व स्वीकृति मिति : २०८३/०४/२१ LT. No. 346169 चलानी नं. ६०२५९३८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen. Helper Indoor | 100 | 0 | 85 | ४१,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन २९ गते (14th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Index Recruitment Pvt. Ltd.**

श्रम ईजाजत नं. 1543/078/079

Chabahil - 7, Kathmandu, Nepal, Tel No. +977-01-5911443 Mo.No. Bina Gurung 9813850986

Neelam Ghimire 9814269669, E-mail : info@indexrecruitment.com.np, www. www.indexrecruitment.com.np

## मलेसियामा रोजगार

कम्पनी : YI JIAN XIAO MIAN RESTAURANT

पूर्व स्वीकृति मिति : २०८३/०१/२४ पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०४/२१ LT. No. 341676 चलानी नं. ६०२५५०२४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 10 | 0 | 1700 | ६३,१३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २९ गते (14th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SWIFT H.R. SOLUTION PVT. LTD.**

श्रम ईजाजत नं. ११९७/०७३/०७४

Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820

Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

## युएइमा रोजगार

कम्पनी : JBM SCAFFOLDING SERVICES

पूर्व स्वीकृति मिति : २०८३/०४/२१ LT. No. 346118 चलानी नं. ६०२५९३७३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Helper | 6 | 0 | 1000 | ४१,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन २९ गते (14th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**त्रिकोण ईन्टरनेशनल ओभरसिज प्रा.लि.**

श्रम ईजाजत नं. ५५०/०६२/०६३

रानीबारी, सामखुसी, काठमाडौं, नेपाल, फोन नं. ४३८१८३८, ४३५५६०२, ९८०१००४३८४

## साउदीमा रोजगार

कम्पनी : MAHARAH HUMAN RESOURCES COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०४/२१ LT. No. 346139 चलानी नं. ६०२५९३८९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOAD AND UNLOAD WORKERS | 20 | 0 | 1000 | ४०,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन २९ गते (14th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**YOUNG MANPOWER PVT.LTD.**

Gaushala-9, Kathmandu, Nepal, Tel: +977-1-4583814, 4583815 , 4583816

E-mail : youngmanpower123@gmail.com, Web: https://www.youngmanpower.com.np/

Govt. License No. 1047/073/74

# विष्फोटक ड्रोनले जर्मन विमानस्थलमा सुरक्षा चुनौती




**बर्लिन–** जर्मनीको लाइपजिग/हाले विमानस्थलमा विष्फोटक पदार्थ जडान गरिएको ड्रोन फेला परेपछि त्यसलाई सुरक्षितरूपमा निष्क्रिय गरिएको छ । घटनापछि जर्मनीका गृहमन्त्री अलेक्जान्डर डोब्रिन्डले यसलाई देशको हवाई सुरक्षासामु देखापरेको 'खतराको नयाँ स्वरूप' भएको चुनौतीका रूपमा वर्णन गरेका छन् ।

मंगलबार राति विमानस्थल आसपास शंकास्पद उड्ने वस्तु देखिएपछि प्रमुख कार्गो केन्द्रका दुवै रनवे तत्काल बन्द गरिएका थिए । त्यसका कारण एउटा यात्रुवाहक विमानसहित केही उडानहरू वैकल्पिक विमानस्थलतर्फ मोडिएका थिए । दक्षिणी रनवे नजिक शंकास्पद वस्तु रहेको सूचनापछि विष्फोटक वस्तु निष्क्रिय पार्ने रोबोट परिचालन गरिएको थियो ।

क्षेत्रीय प्रहरी र सरकारी अभियोजन कार्यालयका अनुसार विमानस्थलका एक कर्मचारीले दक्षिणी रनवे नजिकै अज्ञात विष्फोटक उपकरण बोकेको ड्रोन फेला पारेका थिए । त्यसपछि सुरक्षा निकायले ड्रोन नियन्त्रणमा लिएर त्यसमा जडान गरिएको डेटोनेटर हटाई सुरक्षितरूपमा निष्क्रिय पारेको थियो । घटनाबारे विस्तृत अनुसन्धान जारी रहेको अधिकारीहरूले जनाएका छन् ।

घटनास्थल पुग्न बिदा नै स्थगित गरेका गृहमन्त्री डोब्रिन्डले विमानस्थलमा विष्फोटक बोकेको ड्रोन भेटिनु विगतका घटनाभन्दा फरक प्रकृतिको सुरक्षा जोखिम भएको बताए । उनका अनुसार ड्रोनबाट उत्पन्न हुन सक्ने खतरा पहिलेदेखि नै चिनिएको भए पनि विष्फोटकसहित विमानस्थलभित्र प्रवेश गर्नु सुरक्षा चुनौतीको नयाँ स्वरूप हो ।

उनले घटनालाई 'हाइब्रिड आक्रमणको परिदृश्य'का रूपमा उल्लेख गरेका छन् । तर यसबारे थप विवरण सार्वजनिक नगरिएको र ड्रोनको उत्पत्ति, प्रयोग गरिएको विष्फोटकको प्रकृति तथा सम्भावित संलग्न व्यक्तिबारे अनुसन्धान भइरहेकाले अहिले नै निष्कर्षमा पुग्न नसकिने उनले स्पष्ट पारे ।

स्याक्सोनी राज्यका गृहमन्त्री आर्मिन सुस्टरले सुरक्षा निकायले सम्भावित दोस्रो ड्रोनका अवशेष वा भागहरू खोजी गरिरहेको जानकारी दिए । यसैबीच, रनवे बन्द भएपछि अवतरण गर्न नसकेको एउटा मालवाहक विमान अर्को उड्ने वस्तुसँग ठोक्किएको प्रारम्भिक विवरण सार्वजनिक भएको छ । उक्त विमानलाई करिब २०० किलोमिटर टाढाको हनोभर विमानस्थलमा अवतरण गराइएको थियो । त्यहाँ निरीक्षणका क्रममा सामान्य क्षति देखिएको अधिकारीहरूले बताएका छन् ।

लाइपजिग/हाले विमानस्थलको उत्तरी रनवे करिब दुई घण्टापछि पुनः सञ्चालनमा ल्याइएको थियो भने दक्षिणी रनवे पूर्वनिर्धारित मर्मत कार्यका कारण बुधबार पनि बन्द रहने तय गरिएको थियो । घटनाबाट यात्रु वा विमानस्थलका कर्मचारीको सुरक्षामा कुनै प्रत्यक्ष असर नपरेको तथा नियमित उडान सञ्चालनमा उल्लेखनीय अवरोध नआएको अधिकारीहरूले बताएका छन् ।

घटनास्थलबाट सार्वजनिक तस्बिरमा युक्रेनी एन्टोनोभ विमान नजिकै विष्फोटक निष्क्रिय पार्ने रोबोटसहित सुरक्षा प्राविधिक परिचालित भएको देखिएको छ । लाइपजिग/हाले विमानस्थल युरोपकै प्रमुख कार्गो केन्द्रमध्ये एक हो र यहाँ युक्रेनी एन्टोनोभका मालवाहक विमानहरूको नियमित आवागमन हुने गर्दछ । उत्तर एटलान्टिक सन्धि संगठन (नाटो) ले घटनाबारे आफूलाई जानकारी प्राप्त भएको जनाएको छ । संगठनले थप विवरणका लागि जर्मन अधिकारीहरूसँग समन्वय गरिरहेको बताएको छ ।

यसअघि सन् २०२४ मा पनि यही विमानस्थलको लजिस्टिक केन्द्रमा आगो लगाउने उपकरण प्रयोग गरिएको घटना भएको थियो । पश्चिमी सुरक्षा अधिकारीहरूले त्यस घटनालाई रूसी गुप्तचर निकायसँग जोडिएको सम्भावित तोडफोड अभियानको हिस्सा हुन सक्ने आशंका व्यक्त गरेका थिए । पश्चिमी मुलुकहरूले रुसले युक्रेनमाथि पूर्णस्तरीय आक्रमण सुरु गरेयता युरोपभर यस्ता अनेकौं तोडफोड, आक्रमण तथा सुरक्षा चुनौती सिर्जना गर्ने गतिविधिमा संलग्न रहेको आरोप लगाउँदै आएका छन् । *रासस/एपी*



**पूर्वी चीनको आन्हुई प्रान्तको जिंगसियान काउन्टीमा अध्ययन भ्रमणको क्रममा जुआन पेपरमा आफ्नो काम देखाउँदै बालबालिका । जुआन पेपर लामो समयसम्म टिक्ने प्रकारको कागज हो, जुन परम्परागतरूपमा चिनियाँ सुलेखन र चित्रकलाका लागि प्रयोग गरिन्छ ।**

*तस्बिरः सिन्ह्वा*

# डिसेम्बरमा फर्कने हसिनाको घोषणा

**नयाँदिल्ली–** बंगलादेशकी पदच्युत पूर्वप्रधानमन्त्री शेख हसिनाले मानवताविरुद्धको अपराध अभियोगमा अनुपस्थितिमै मृत्युदण्डको फैसला सुनाइए पनि आगामी डिसेम्बरमा भारतबाट स्वदेश फर्कने घोषणा गरेकी छन् । उनको घोषणासँगै बंगलादेश सरकारले भारतमा उनको सार्वजनिक राजनीतिक गतिविधिप्रति तीव्र आपत्ति जनाएको छ ।

सन् २०२४ को विद्यार्थी नेतृत्वको आन्दोलनबाट आफ्नो सरकार हटाइएको दोस्रो वर्षका अवसरमा नयाँदिल्लीमा आयोजित कार्यक्रममा अडियो सन्देशमार्फत सम्बोधन गर्दै हसिनाले आफूविरुद्धको फैसला हुँदाहुँदै पनि जनताप्रतिको जिम्मेवारी पूरा गर्न स्वदेश फर्किनुपर्ने बताइन् । 'मलाई जेल हाल्न सक्छन्, मार्न पनि सक्छन् वा अन्य जे पनि हुन सक्छ, तर मैले फर्किनैपर्छ । डरले जनताप्रतिको मेरो कर्तव्य निर्धारण गर्न सक्दैन,' उनले भनिन् ।

उनले आफ्नो दल अवामी लिगमाथिको प्रतिबन्ध हटाउन र राजनीतिक बन्दीहरूलाई रिहा गर्न पनि आग्रह गरिन् । हसिनाले आफूविरुद्ध लगाइएका आरोपहरू अस्वीकार गर्दै आएकी छन् ।

हसिनाको सम्बोधनपछि बंगलादेशको विदेश मन्त्रालयले कडा प्रतिक्रिया दिँदै भारतीय भूमिबाट उनी र उनका सहयोगीहरूले बंगलादेश तथा त्यहाँका जनताविरुद्ध 'विषाक्त अभिव्यक्ति' दिएको आरोप लगाएको छ । मन्त्रालयले जारी गरेको विज्ञप्तिमा जुलाई क्रान्तिको दोस्रो वार्षिकोत्सवकै दिन यस्तो कार्यक्रम हुनुलाई बंगलादेशको सार्वभौमसत्तामाथिको अपमान र आन्दोलनका सहिदहरूप्रतिको अनादरका रूपमा व्याख्या गरिएको छ । साथै यसले दुई देशबीचको सम्बन्धमा नकारात्मक असर पार्न सक्ने चेतावनी पनि दिइएको छ ।



विद्यार्थी नेतृत्वको आन्दोलनका क्रममा सन् २०२४ मा हसिना भारत पुगेपछि उनी त्यहीं निर्वासनमा बस्दै आएकी छन् । त्यसपछि सन् २०२५ मा बंगलादेशको अदालतले आन्दोलनमाथिको दमनसँग सम्बन्धित मानवताविरुद्धको अपराध अभियोगमा उनलाई अनुपस्थितिमै मृत्युदण्डको सजाय सुनाएको थियो । संयुक्त राष्ट्रसंघको प्रतिवेदनअनुसार त्यस दमनका क्रममा करिब एक हजार ४०० जनाको मृत्यु भएको थियो । बंगलादेशले पटक-पटक हसिनाको सुपुर्दगी माग गरे पनि भारतले हालसम्म उनलाई जिम्मा लगाएको छैन ।

यसैबीच, बुधबार बंगलादेशका प्रधानमन्त्री तारिक रहमानले ढाकास्थित हसिनाको पूर्वसरकारी निवासमा स्थापना गरिएको 'जुलाई सामूहिक विद्रोह स्मारक संग्रहालय' उद्घाटन गरे । नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुस नेतृत्वको अन्तरिम सरकारले सुरु गरेको उक्त परियोजनामा सन् २०२४ को आन्दोलनसँग सम्बन्धित अडियो-भिडियो सामग्री, आन्दोलनमा ज्यान गुमाएकाहरूका व्यक्तिगत सामग्री तथा त्यस समयका अभिलेखहरू राखिएका छन् । संग्रहालयमा हसिनाको १५ वर्षे शासनकालमा भएको भनिएको राजनीतिक दमनसम्बन्धी सामग्री पनि समावेश गरिएको छ ।

पूर्वप्रधानमन्त्री खालिदा जियाका छोरा रहमान अन्तरिम सरकारको निगरानीमा सम्पन्न फेब्रुअरीको निर्वाचनमा ठूलो बहुमतसहित सत्तामा आएका थिए । उक्त निर्वाचनमा हसिनाको अवामी लिगलाई सहभागी हुन प्रतिबन्ध लगाइएको थियो । *रासस/एपी*

# हिरोसिमाबाट आणविक हतियारविरुद्ध चेतावनी

**टोकियो–** जापानको हिरोसिमा सहरले अमेरिकी आणविक बम आक्रमणको ८१औं स्मृति दिवस मनाउँदै विश्व समुदायलाई आणविक हतियारको खतराबारे पुनः सचेत गराएको छ । यस अवसरमा हिरोसिमाका मेयर काजुमी मात्सुईले प्रमुख शक्तिहरूबीच बढ्दो सैन्य प्रतिस्पर्धा र आणविक प्रतिरोधको अवधारणाप्रति तीव्र चिन्ता व्यक्त गर्दै आणविक हतियारलाई सुरक्षा र प्रतिरोधको माध्यमका रूपमा प्रस्तुत गर्ने प्रवृत्तिले विश्वलाई फेरि हिरोसिमा वा नागासाकीजस्तै त्रासदीतर्फ धकेल्नसक्ने चेतावनी दिएका छन् ।

हिरोसिमा शान्ति स्मारक पार्कमा आयोजित समारोहमा करिब ५० हजार मानिसको सहभागिता रहेको थियो । संयुक्त राज्य अमेरिका, इरानलगायत करिब १२० देश तथा क्षेत्रका प्रतिनिधिहरू पनि कार्यक्रममा उपस्थित थिए । सन् १९४५ मा अमेरिकी बी-२९ बमवर्षक विमानले हिरोसिमामाथि आणविक बम खसालेको समय बिहान ८:१५ बजे एक मिनेट मौनधारण गरिएको थियो भने शान्तिको प्रतीकस्वरूप घण्टी बजाइएको थियो ।

समारोहमा प्रस्तुत शान्ति घोषणामा मेयर मात्सुईले विश्वका केही राजनीतिक नेतृत्वले अझै पनि आणविक प्रतिरोधलाई यथार्थवादी सुरक्षा अवधारणाका रूपमा स्वीकार गरिरहेको उल्लेख गर्दै यस्तो सोचले हिंसालाई वैधानिकता प्रदान गर्ने र आणविक हतियारविहीन विश्वको लक्ष्यलाई थप टाढा धकेल्ने बताए । उनले विगतका पीडादायी अनुभवबाट शिक्षा लिन र शान्ति स्थापनाका लागि सक्रिय भूमिका निर्वाह गर्न विश्व नागरिकहरूलाई आह्वान गरे ।



प्रधानमन्त्री साने ताकाइचीले प्रधानमन्त्री बनेपछि पहिलो पटक उक्त स्मृति समारोहमा सहभागिता जनाउँदै संयुक्त राष्ट्रसंघको आणविक अप्रसार सन्धिको ढाँचाभित्र रहेर आणविक हतियारको प्रयोग कहिल्यै नहुने विश्व निर्माणका लागि जापानले 'यथार्थवादी दृष्टिकोण' अपनाउने बताइन् । उनले जापानले युद्धपछिका तीन गैरआणविक सिद्धान्त कायम राखेको उल्लेख गरिन् । यद्यपि भविष्यमा ती नीतिहरूको स्वरूपबारे देशभित्र बहस जारी रहेको छ ।

ताकाइची नेतृत्वको सरकारले यस वर्षको अन्त्यतिर नयाँ सुरक्षा तथा रक्षा रणनीति दस्तावेज तयार गर्ने तयारी गरिरहेका बेला जापानका परम्परागत गैरआणविक सिद्धान्तहरूबारे पुनर्विचार हुन सक्ने अड्कलबाजी पनि बढेको छ । विशेषगरी देशभित्र आणविक हतियार ल्याउन अनुमति नदिने तेस्रो सिद्धान्तबारे समीक्षा हुनसक्ने चर्चा चलिरहेको छ ।

यता, हिरोसिमा र नागासाकीका जीवित बाँचेकाहरूले विश्वभर पुनः बढ्दो आणविक प्रतिरोधको बहसप्रति चिन्ता व्यक्त गरेका छन् । जापान अमेरिकी आणविक सुरक्षा छातामुनि रहेको र सुरक्षा सुनिश्चितताका लागि वासिङ्टनसँग निरन्तर सहकार्य गरिरहेकाले जापानी सरकारले आणविक हतियार निषेधसम्बन्धी सन्धिमा हस्ताक्षर गर्न वा त्यसका बैठकहरूमा पर्यवेक्षकका रूपमा सहभागी हुनुपर्ने जीवित पीडितहरूको माग स्वीकार गरेको छैन ।

सन् १९४५ अगस्ट ६ मा हिरोसिमामाथि खसालिएको आणविक बमका कारण करिब एक लाख ४० हजार मानिसको मृत्यु भएको थियो । त्यसको तीन दिनपछि नागासाकीमा खसालिएको दोस्रो आणविक बमले करिब ७० हजार मानिसको ज्यान लिएको थियो । त्यसपछि अगस्ट १५ मा जापानले आत्मसमर्पण गरेसँगै दोस्रो विश्वयुद्धको अन्त्य भएको थियो ।

हाल हिरोसिमा र नागासाकीका जीवित पीडितहरूको संख्या घटेर ९१ हजार १०५ मा पुगेको छ । यो प्रारम्भिक संख्याको करिब एक चौथाइमात्र हो । उनीहरूको औसत उमेर ८६ वर्षभन्दा माथि पुगेको छ । बाँचेकाहरूले आफ्ना अनुभव र सम्झनाहरू समयसँगै हराउँदै जान सक्ने चिन्ता व्यक्त गर्दै आगामी पुस्तासम्म युद्ध र आणविक विनाशको वास्तविकता पुऱ्याउनुपर्ने आवश्यकता औंल्याएका छन् । *रासस/एपी*

# भारतमा मुख्यधारका सञ्चारमाध्यमप्रति अविश्वास बढ्दो

**नयाँदिल्ली–** भारतमा गत महिना भएको युवा नेतृत्वको विरोध प्रदर्शनले मुख्यधारका टेलिभिजन सञ्चारमाध्यमप्रति बढ्दो अविश्वासलाई सतहमा ल्याएको छ । प्रदर्शनस्थलमा समाचारकर्मीमाथि भएका दुर्व्यवहारका घटनाले सरकारसँग निकट रहेको आरोप खेपिरहेका परम्परागत सञ्चारमाध्यम र स्वतन्त्र डिजिटल माध्यमबीचको बढ्दो दूरीलाई पनि उजागर गरेको छ ।

'कक्रोच जनता पार्टी' आन्दोलनको नेतृत्वमा देशभर आयोजित प्रदर्शनमा सहभागीहरूले केही टेलिभिजन च्यानललाई 'भारतको सबैभन्दा खराब शत्रु' भन्दै विरोध जनाएका थिए । प्रदर्शनकारीहरूले प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको सरकारसँग निकट रहेको आरोप लगाउँदै मुख्यधारका सञ्चारमाध्यमलाई 'ल्यापडग मिडिया' को संज्ञा दिएका थिए ।

नयाँदिल्लीको जन्तरमन्तर प्रदर्शनस्थलमा सहभागी अधिकांश युवाले आफूहरू समाचारका लागि सामाजिक सञ्जाल र स्वतन्त्र डिजिटल प्लेटफर्ममा बढी निर्भर हुने बताएका छन् । २८ वर्षीय सफ्टवेयर व्यवसायी सुखजित नरुलाले परम्परागत समाचार च्यानलहरूले हरेक आन्दोलनलाई राष्ट्रविरोधी गतिविधिका रूपमा चित्रण गर्ने गरेको भन्दै त्यस्ता माध्यमप्रति निराशा बढेको बताए ।

प्रदर्शनका क्रममा केही टेलिभिजन पत्रकार प्रत्यक्ष आक्रमणकोसमेत सिकार बने । अंग्रेजी समाचार च्यानल टाइम्स नाउका पत्रकार देव कोटकमाथि नयाँदिल्लीमा प्रदर्शनकारीहरूले पानी छ्यापेपछि कुटपिटसमेत गरेका थिए । सामाजिक सञ्जालमा सार्वजनिक भएको भिडियोमा उनी सुरक्षाकर्मीको संरक्षणमा घटनास्थलबाट भाग्दै गरेको देखिन्छ । उनका अन्य तीन सहकर्मीमाथि

> "कक्रोच जनता पार्टी" आन्दोलनको नेतृत्वमा देशभर आयोजित प्रदर्शनमा सहभागीहरूले केही टेलिभिजन च्यानललाई "भारतको सबैभन्दा खराब शत्रु" भन्दै विरोध जनाएका थिए । प्रदर्शनकारीहरूले प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको सरकारसँग निकट रहेको आरोप लगाउँदै मुख्यधारका सञ्चारमाध्यमलाई 'ल्यापडग मिडिया' को संज्ञा दिएका थिए ।

पनि दुर्व्यवहार भएको जनाइएको छ ।

एएफपीले प्रमाणीकरण गरेको अर्को भिडियोमा मुम्बईमा प्रत्यक्ष प्रसारण गरिरहेका जी टिभीका पत्रकारलाई प्रदर्शनकारीहरूले घेरेको देखिएको छ भने पटनामा पनि एक पत्रकारलाई भीडले पछ्याएको दृश्य सार्वजनिक भएको छ ।

टाइम्स नेटवर्कले आफ्नो टोलीले प्रदर्शनलाई पूर्ण तटस्थताका साथ समाचार बनाएको दाबी गर्दै पत्रकारमाथिको आक्रमणको निन्दा गरेको छ । विचारमा मतभेद हुन सक्ने भए पनि कानुन हातमा लिन नहुने कम्पनीको भनाइ छ ।

सञ्चार क्षेत्रका विश्लेषकहरूका अनुसार यी घटनाले वर्षौंदेखि बढ्दै आएको जनअविश्वासलाई प्रतिविम्बित गर्छ । पत्रकार रवीश कुमारले मुख्यधारका केही सञ्चारमाध्यमले आफ्नो विश्वसनीयता गुमाएको आरोप लगाउँदै आलोचकहरूले प्रयोग गर्ने 'गोदी मिडिया' अर्थात् 'ल्यापडग मिडिया' भन्ने शब्द त्यही असन्तुष्टिको अभिव्यक्ति भएको बताए । उनका अनुसार वास्तविक जनचासोका विषयलाई षडचन्त्रका रूपमा प्रस्तुत गर्ने प्रवृत्तिले सञ्चारमाध्यमप्रतिको विश्वास कमजोर बनाएको छ ।

सन् २०१४ मा भारतीय जनता पार्टी (भाजपा) सत्तामा आएयता प्रेस स्वतन्त्रताबारे अन्तर्राष्ट्रिय चिन्ता बढ्दै आएको अधिकारवादी संस्थाहरूले जनाएका छन् । रिपोर्टर्स विदाउट बोर्डर्सको विश्व प्रेस स्वतन्त्रता सूचकांकमा भारत हाल १८० देशमध्ये १५७औं स्थानमा रहेको छ । यो सन् २०१३ को तुलनामा उल्लेखनीय गिरावट हो ।

सरकारको आलोचना गर्ने पत्रकारहरूले मुद्दा, गिरफ्तारी र अनलाइन दुर्व्यवहारको सामना गर्दै आएको आरोप लाग्दै आएको छ । विपक्षी दलहरूले पनि केही समाचार च्यानलले मुस्लिम अल्पसंख्यकसम्बन्धी समाचारलाई ध्रुवीकरण हुने ढंगले प्रस्तुत गर्दै सत्तारूढ दलको एजेन्डालाई सहयोग गरेको आरोप लगाउने गरेका छन् ।

प्रदर्शनका क्रममा केही टेलिभिजन पत्रकारले आफ्नो संस्थाको लोगोसमेत लुकाएर रिपोर्टिङ गरेको बताइएको छ । प्रदर्शनकारी शैलेन्द्र सिंहले युवाहरूले मुख्यधारका सञ्चारमाध्यमलाई लक्षित गर्न थालेपछि पत्रकारहरूले आफ्नो परिचय खुल्ने चिह्न हटाउन थालेको दाबी गरे । *रासस/एएफपी*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९६००० | प्रति तोला – ० | प्रति तोला – ४५७० |

## मस्कटमा नेपाल–ओमान व्यापार तथा लगानी प्रवर्द्धन कार्यक्रम



■ प्रभाव संवाददाता

**काठमाडौं–** ओमानको मस्कटस्थित नेपाली राजदूतावासले नेपाल-ओमानबीच व्यापार तथा लगानी प्रवर्द्धन गर्ने उद्देश्यले 'व्यापार तथा सम्बन्ध स्थापना' विषयक कार्यक्रम गरिएको छ। नेपालबाट निर्यातयोग्य उत्पादन, नेपालमा उपलब्ध लगानीका अवसर तथा नेपाली र ओमानी व्यवसायीबीच व्यावसायिक सम्बन्ध विस्तारका विषयमा हालै सो कार्यक्रम गरिएको त्यहाँस्थित राजदूतावासले जनाएको छ।

कार्यक्रममा कार्यवाहक राजदूत विशेषकुमार साहले ओमानलाई व्यापार तथा लगानी प्रवर्द्धनका लागि नेपालले महत्वपूर्ण साझेदारका रूपमा प्राथमिकतामा राखेको उल्लेख गरे। नेपालबाट पहिलोपटक उच्चस्तरीय व्यापारिक प्रतिनिधिमण्डलको भ्रमण भएकामा उनले खुशी व्यक्त गरे। नेपालमा उपलब्ध लगानीका अवसर, लगानी प्रक्रिया, संस्थागत व्यवस्था तथा ओमानी लगानीकर्ताका लागि नेपाल किन आकर्षक गन्तव्य हुन सक्छ भन्ने विषयमा प्रस्तुति दिएका थिए।

प्रस्तुतिपछि उनले सगरमाथा आरोहण गर्ने पहिलो ओमानी महिला नादिरा अल हार्थी तथा हिमपहिरोमा परी निधन भएका अन्य पर्वतारोहीप्रति श्रद्धाञ्जली अर्पण गरेका थिए। निर्यात व्यवसारी महासंघ नेपालका अध्यक्ष गोविन्द घिमिरेले नेपालबाट निर्यात गर्न सकिने प्रतिस्पर्धात्मक लाभ भएका उत्पादनहरूको सम्भावना तथा निर्यातमुखी अर्थतन्त्र प्रवर्द्धनका लागि महासंघले गरिरहेका प्रयासबारे जानकारी गराए।

त्यसैगरी, नेपाल हस्तकला महासंघका अध्यक्ष रविन्द्र शाक्यले नेपाली हस्तकलाको मौलिकता, परम्परागत सीप र ओमान तथा खाडी मुलुकमा रहेका व्यापारिक सम्भावनाबारे जानकारी गराएका थिए। कार्यक्रममा विभिन्न नेपाली उत्पादनको प्रदर्शनीसमेत गरिएको थियो।

## 'डिजिटल' बन्दै खुला बजार कारोबार

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल राष्ट्र बैंकले खुला बजार कारोबार सञ्चालनलाई थप प्रभावकारी, पारदर्शी र प्रविधिमैत्री बनाउन 'खुला बजार कारोबारसम्बन्धी कार्यविधि, २०७८ (नवौं संशोधन, २०८३)' लागू गरेको छ।

संशोधित कार्यविधिले खुला बजार कारोबारका मौद्रिक उपकरणको प्रयोग, बोलकबोल प्रक्रिया, धितोपत्र व्यवस्थापन, भुक्तानी, अनलाइन सहभागिता तथा दीर्घकालीन तरलता व्यवस्थापनसम्बन्धी प्रावधानलाई थप स्पष्ट र व्यवस्थित बनाएको छ।

केन्द्रीय बैंकले खुला बजार कारोबारलाई मौद्रिक नीतिको प्रभावकारी कार्यान्वयनका प्रमुख उपकरणका रूपमा प्रयोग गर्दै आएको छ। खुला बजारमा नियमित र संरचनागत गरी दुई वर्गमा विभाजन गरिएको छ।

वित्तीय बजारमा देखिने नयुन र अधिक तरलता व्यवस्थापन गर्न खुला बजार कारोबार सञ्चालन समितिको हरेक शुक्रबार बैठक बस्नेछ। बैठकमा कारोबारको समीक्षा वस्तुनिष्ठ समीक्षा गरिनेछ। बैकिंङ प्रणालीमा आवश्यकताअनुसार तरलता प्रवाह गर्ने वा अतिरिक्त तरलता व्यवस्थापन गर्ने उद्देश्यले रिपो, रिभर्स रिपो, सोझै खरिद, सोझै बिक्री, दीर्घकालीन रिपो तथा दीर्घकालीन निक्षेप संकलनजस्ता उपकरण सञ्चालन गरिन्छ।



संशोधनले यिनै उपकरणको सञ्चालन प्रक्रियालाई अझ स्पष्ट, एकरूप र आधुनिक बनाएको छ।

संशोधित कार्यविधिको प्रमुख व्यवस्थामा खुला बजार कारोबारमा सहभागी बैंक तथा वित्तीय संस्थालाई अनलाइन माध्यमबाट पनि बोलकबोल गर्ने सुविधा उपलब्ध गराइनु हो। विद्यमान प्रचलित कागजी प्रक्रियासँगै विद्युतीय माध्यमबाट पनि आवेदन दिन सकिनेछ। यसले कारोबारलाई थप छरितो, सहज र पारदर्शी बनाउने अपेक्षा गरिएको छ। कार्यविधिअनुसार रिपो, रिभर्स रिपो, सोझै खरिद, सोझै बिक्री तथा दीर्घकालीन निक्षेप संकलनलगायतका अधिकांश उपकरणमा न्यूनतम बोल रकम रु १० करोड कायम गरिएको छ। यस्तै, रु १० करोडले भाग गर्दा निःशेष भाग जाने अंकमा अधिकतम आह्वान गरिएको रकमसम्म बोल गर्न सकिनेछ।

समान ब्याजदर वा समान मूल्यमा प्राप्त बोलपत्रबाट स्वीकृत रकमभन्दा बढी माग भएमा समानुपातिक रूप 'प्रो-राटा' आधारमा रकम बाँडफाँट गर्ने व्यवस्था गरिएको छ। यसबाट सहभागी संस्थाबीच समान व्यवहार कायम हुने तथा बोलकबोल प्रक्रिया थप व्यवस्थित हुने छ।

नवौं संशोधनले दीर्घकालीन तरलता व्यवस्थापनलाई पनि विशेष महत्व दिएको छ। कार्यविधिअनुसार आवश्यकताका आधारमा छ महिनासम्म अवधिका रिपो तथा दीर्घकालीन निक्षेप संकलनका उपकरण सञ्चालन गर्न सकिनेछ।

त्यस्ता उपकरण बहुब्याजदर प्रणालीमार्फत सञ्चालन गरिने छ। त्यसका लागि बोलकबोल, रकम बाँडफाँट, प्रमाणपत्र जारी तथा भुक्तानीसम्मका प्रक्रिया स्पष्ट रूपमा निर्धारण गरिएको छ। कार्यविधिमा सोझै खरिद र सोझै बिक्रीका माध्यमबाट ट्रेजरी बिल कारोबार गर्ने प्रक्रियालाई थप स्पष्ट बनाइएको छ।

बोलकबोल आह्वान, बोलपत्र पेस गर्ने तरिका, ट्रेजरी बिलको स्वामित्व हस्तान्तरण, रकम भुक्तानी तथा हिसाब मिलानका विषयलाई थप व्यवस्थित रूपमा समेटिएको छ। त्यसका साथै खुला बजार कारोबार सञ्चालन गर्दा राष्ट्र बैंकले आफ्नो वेबसाइट वा अन्य विद्युतीय माध्यमबाट सार्वजनिक सूचना प्रकाशन गर्ने व्यवस्था गरिएको छ। संशोधित कार्यविधिमा कारोबार सम्पन्न गर्ने समयसीमा र अनुशासनसम्बन्धी व्यवस्थालाई पनि कडा बनाइएको छ। स्वीकृत कारोबार सम्पन्न नगर्ने, तोकिएको समयमा आवश्यक धितोपत्र वा कागजात पेस नगर्ने तथा अन्य निर्धारित प्रक्रिया पूरा नगर्ने बैंक तथा वित्तीय संस्थालाई जरिवाना गरिनेछ।

यस्तै, छ महिनासम्म खुला बजार कारोबारअन्तर्गत हुने बोलकबोलमा सहभागी हुन नपाउने व्यवस्था गरिएको छ। त्यसका अलावा दुई दशमलव ५० प्रतिशतका दरले हर्जानाको व्यवस्था गरिएको छ।

कार्यविधिले रिपो, रिभर्स रिपो तथा दीर्घकालीन निक्षेप संकलनबाट परिचालित रकमको लेखांकन तथा नियामकीय व्यवस्थासमेत स्पष्ट पारिएको छ। यस्ता रकमलाई लगानी पोर्टफोलियोका रूपमा गणना गरिने भए पनि नगद मौज्दात अनुपात (सिआरआर) मा गणना गरिने छैन।

इन्धनको भरपर्दो विकल्प

## दैलेखको ग्यास र इभी सवारीसाधन

■ दामोदर खनाल

**काठमाडौं –** नेपाल साधन र श्रोत भएर पनि त्यसको समुचित प्रयोग हुन नसक्दा विकासमा धेरै पछाडि परेको छ। पछिल्लो समय मुलुककमा ग्यास र पेट्रोलियम पदार्थको अभावले जनजीवन प्रभावित भएको छ। एकातिर हाम्रा नदिनालामा प्रसस्त मात्रामा जलविद्युत् उत्पादन गर्न सकिने सम्भावना छ भनी अर्कोतिर कर्णाली प्रदेशको दैलेख जिल्लाले इन्धनमा पूर्णरूपमा आत्मनिर्भर बन्न सक्ने सम्भावना देखिएको छ। पछिल्लो समय खोज र अन्वेषणले दैलेखको जमिनमुनि लुकेको प्राकृतिक ग्यासको विशाल खानी फेला परेकोले यसको समुचित प्रयोग हुन सके नेपालको आर्थिक भविष्य राम्रो हुने सम्भावना छ।

चिनियाँ प्राविधिक टोलीको विस्तृत अध्ययन, अन्वेषणले दैलेखको भैरवी गाउँपालिकाको जलजले क्षेत्रमा नेपाललाई करिव ५० देखि ६० वर्षसम्म पुग्ने प्राकृतिक ग्यासको भण्डार रहेको पुष्टि भएको छ। जमिनमुनि करिब ८० अर्ब घनमिटर ग्यास सुरक्षित रूपमा थुनिएर रहेको छ। तर, देशलाई नै कायापलट गर्न सक्ने यो बहुप्रतिक्षित राष्ट्रिय गौरवको परियोजनाको काम अहिले अलमलमा परेको छ। अहिले कूटनीतिक र प्राविधिक पहलमा कमी हुँदा नेपालकै सबैभन्दा गहिरो करिव ४ हजार मिटरको ड्रिलिङ कार्य सफलतापूर्वक सम्पन्न भए पनि दोस्रो चरणको मुख्य काम अगाडि बढ्न सकेको छैन। यस्ता सवालमा सरकारको तत्काल उच्च प्राथमिकताका साथ ध्यान जान जरुरी छ।

विश्व परिवेश, पश्चिम एसियामा बढ्दो भू-राजनीतिक तनावका कारण विश्वव्यापी ऊर्जा बजार निरन्तर अस्थिर भइरहेको छ, जसको प्रत्यक्ष मारमा नेपाल पनि परिरहेको जगजाहेर नै छ।

कहिले ग्यासको हाहाकार, कहिले पेट्रोलियम पदार्थको अचाक्लि मूल्य वृद्धि र अभाव हामीले भोग्दै आएकै छन्। यस्तो संवेदनशील समयमा, आफ्नै देशको इन्धन खानी भने परीक्षण उत्पादनको चरणमै रोकिएको छ। आखिर ८० अर्ब घनमिटर ग्यास भएर पनि हामीले किन उत्खनन गर्न सकिरहेका छैनौं ? यसवारे सरकार र सरोकारवालाको तत्काल गम्भीरताका साथ ध्यान जान आवश्यक छ।

पछिल्ला समय नेपालमा विद्युतीय हल्का सवारीसाधनको प्रयोग निकै बढेको छ। जसका कारणबाट पेट्रोलियम पदार्थको खपतमा निकै कमि आएकोले नेपाली रूपैयाँ विदेशिनबाट रोकिएको छ। हामीले सडक निर्माणकार्य र सुधार कार्य गरि यस्ता विद्युतीय सवारीसाधनको प्रयोग अझ बढाउन सकियो भनी पेट्रोलियम पदार्थको आयात अझ घटाउन सक्दछौं। ईभि गाडिमा विद्युत् चार्जको शुल्क पनि निकै कम पर्दछ भनी भाडा दर पनि कम पर्दछ।

अहिले पेट्रोलियम पदार्थको भाउ बढेको बढ्यै छ ग्यासको पनि अभाव छ। यस्तो अवस्थामा हामी दैलेखको पेट्रोलियम पदार्थ, ग्यासको उत्खनन् र हामीसँग सम्भावना भएको स्थायी ठाडो खोला र स्थायी श्रोतका हिमनदिबाट जलविद्युत् उत्पादन गर्न सक्यौं भनी हाम्रो समस्या धेरै हदसम्म समाधान गर्न सकिन्छ। यद्यपि यसकालागि सरकारले विभिन्न ठाउँको समस्या बुझेर स्पष्ट योजना बनाउन आवश्यकता छ।

दैलेखको ग्यास उत्खननका लागि त चीनसँग राम्रो कुटनैतिक पहल आवश्यक छ। अहिले बन्द रहेको दैलेखको ईन्धन खानीमा आवश्यक प्रक्रिया पूरा गरेर उत्खनन गर्न आवश्यक छ।

अर्कोतिर हामीले अब नेपालको बिकास मोडेललाई अलिकति परिवर्तन गरेर विकसित ठाउँभन्दा सम्भावना बोकेको दुर्गम ठाउँमा बजेट विनियोजन बढाएर प्राथमिकताका साथ बिकास निर्माणकार्य लाई जोड दिन पर्दछ। यसो गर्न सके दुर्गम क्षेत्रको बिकास संगै सम्भावनाको प्रचुर मात्रामा उपयोग हुन सक्दछ।

अहिले सहर बजारमा सरकारले नयाँ सडक नीति अन्तरगत सडक डवल चौडा गराएर सडक जोडिएको ठाउँमा कर बढाउने कुरा उठेकोछ। यसबारे राम्रै बहस चलेको पनि छ। सुगम ठाउँमा बढि चौडा सडक निर्माण गर्ने कार्य सरासर गलत र विवादास्पद छ। कति जनताले उचित क्षतिपुर्ति पाउन सक्दैनन् भनी कति व्यक्तिका भएको जग्गाजमिन पनि सकिन्छ। अनि जग्गा जमिन हुने रहनेले २५ प्रतिशत अतिरिक्त बिकास शुल्क (कर ) बुझाउन पर्ने ? सरकारले के कुरा बुझ्न जरूरी छ भनी कतिपय अनावश्यक ठाउमा फोरलेन, सिक्सलेन सडक बनिसक्यो कतिपय प्रयाप्त सम्भावना भएको ठाउमा दुईलेनको सडक समेत निर्माणकार्य हुन सकेको छैन। कतिपय बनेका सडक खासै प्रयोगमै आएका छैनन्। कर्णाली प्रदेशको सदरमुकाम सिमकोटमा गत भदौमा मात्र कर्णाली करिडरको कच्ची सडक मुस्किलले पुगेको छ। तसर्थ अब सरकारले पहिला कृषि पर्यटन, जडिबुटी विद्युत्जस्ता सम्भावना बोकेको जिल्लामा प्राथमिकताका साथ सडकको पहुँच पुऱ्याउन जोड दिन पर्दछ।

हुम्ला, जुम्ला, कालिकोट, मुगु, बाजुरातिर भर्खर खुलेका गोरेटो ट्र्याकलाई कम्तिमा दुईलेन सडक फास्ट ट्र्याकमा निर्माणकार्य गर्ने योजना ल्याउन आवश्यक छ। जसलेगर्दा त्यता पर्यटक बढ्छन्, स्थानिय अर्गानिक उत्पादनले बजार पाउँछ। पर्याप्त सम्भावना बोकेको कर्णाली नदिबाट ठाउँ ठाउँमा विद्युत् उत्पादनमा सहजता पुग्दछ। आम उपभोक्तालाई सुपथ दरमा बिजुली वितरण गर्न सके आयातित ग्यासको खपत निकै कम गर्न सकिन्छ। स्थानियले काम पाउँछन्, अनि त राज्यलाई आम्दानीको बाटो खुल्छ।

केही हप्ता अगाडि कर्णाली प्रदेश घुम्ने अवसर मिलेको थियो। थुप्रै बिकट गाउँका जनता गास, वास, कपासकै समस्या पिरोलिएका देखिन्थे। उत्पादनले खान पुग्दैन, रोजगारको अभावले उनिहरूको अनुहारमा चमक थिएन। जहाँ पर्यटन, कृषि, जल विद्युत्को सम्भावनाका आधार भनी भेटिन्थ्यो तर सरकारको स्पष्ट योजना देखिदै थियो।

यथार्थमा जनताले अनुभूती गर्ने युवापिंडिले खोजेको, नयाँ परिवेशको विकासबाट निकै ठगिएको भान हुन्थ्यो।

अर्कोतिर हामी बिकासका धेरै सवाल काठमाडौं, पोखरा, बिराटनगर, बुटवल, नेपालगन्ज लगायतका सहरहरूसँग जोडेर मात्र योजना बनाउने गर्दछौं, यो परिपाटी गलत छ। हामीले हाम्रो विकासको मोडेल परिवर्तन गरेर सम्भावना बोकेका दुर दराजका मुख्य ठाउँमा पुग्न सडक सन्जाल बनाउन जरुरी छ। यसो भए विकासमा न्याय र सम्भावनाको भरपुर प्रयोग हुन गई मुलुकको आर्थिक र सामाजिक विकासमा समेत परिवर्तन आउँछ। हामीले यहाँको प्राकृतिक सौन्दर्यता पहाड, नदि हिमाल झरना, कला संस्कृति पर्यटकलाई बेच्न सकेकै छैनौं। तसर्थ अब हामीले केही बर्ष सम्भावना भएका ठाउँमा सडक पहुच सहज बनाउन ध्यान दिनै पर्दछ।

हुन त मुलुकमा अहिले राजनीतिक नेताहरूलाई हरेक सवालमा राम्रो अवसर छ। त्यपछि नेताका पहुँचवाला अनि बिचौलियाको पालो आउँछ। सर्वसाधारण जनता त हरेक सवालमा ठगिएकै छन्। यसर्थ यस्ता सवालमा वर्तमान सरकार र अर्थमन्त्रीको विशेष ध्यान जान जरुरी छ।

## दोहोरो अंकले घट्यो नेप्से

**काठमाडौं (प्रस)–** धितोपत्र बजारमा सेयर कारोबार मापन नेप्से परिसूचक बिहीबार दोहोरो अंकले घटेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १३ दशमलव ८२ अंकले घटेर दुई हजार ६५४ दशमलव १५ मा पुगेको छ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव ६२ अंकले घटेर ४६४ दशमलव ७३ मा पुगेको छ। त्यस्तै, फ्लोट सूचक एक दशमलव ०३ अंकले घटेर १८२ दशमलव २६ मा पुगेको छ। त्यस्तै सेन्सेटिभ फ्लोट सूचक शून्य दशमलव ९१ अंकले घटेर १५७ दशमलव ३४ मा पुगेको छ। विभिन्न कम्पनीका एक करोड आठ लाख चार हजार ४२६ कित्ता सेयर रु चार अर्ब ६२ करोड २७ लाख ७७ हजार ४४२ मूल्यमा खरिद बिक्री भएको छ। १३ उपसमूहमध्ये एक उपसमूह बढ्यो भने १२ उपसमूह घट्यो। ६४ कम्पनीको सेयर बढ्यो भने २०२ कम्पनीको सेयर घट्यो। त्यसैगरी १० कम्पनीको सेयर स्थिर रह्यो।




नेप्सेका अनुसार अपर लोहारे खोला हाइड्रोपावर, कलंगा हाइड्रोपावर, एनआइबिएल समृद्धि फण्ड २ का लगानीकर्ताले कमाएका छन्। एलएस होरिजन, मेगा म्युचुअल फण्ड, लक्ष्मी भ्यालु फण्डलगायत लगानीकर्ताले गुमाएका छन्।

## बझाङ–बनलेक ४०० केभी क्षमताको प्रसारण लाइन निर्माण हुने

■ प्रभाव संवाददाता

**काठमाडौं –** कुल दुई हजार ५०० मेगावाट बराबरको बिजुली प्रवाहका लागि बझाङ-बनलेक (पश्चिम सेती) प्रसारण लाइन निर्माण हुने भएको छ। कुल ४०० केभी क्षमताको सो आयोजना निर्माणका लागि आवश्यक प्रक्रिया अगाडि बढाइएको छ।

कुल ६० किलोमिटर लामो प्रसारण लाइन बझाङ जिल्लाको जयपृथ्वी नगरपालिका वडा नं १ मा प्रस्तावित चैनपुर सबस्टेसनदेखि डोटी जिल्लाको शिखर नगरपालिका-१० मा प्रस्तावित बनलेक (पश्चिम सेती) मा जोडिनेछ।

प्रसारण लाइन निर्माणका लागि राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडले विद्युत् विकास विभागमा आवेदन दिएको छ। विद्युत् ऐन, २०४९ को दफा (४) को व्यवस्थाअनुसार विवरण खुलाई अनुमतिका लागि आवेदन दिनुपर्ने व्यवस्था छ।

उक्त आयोजनाअन्तर्गत ४००/१३२ केभी, १६० एमभिए क्षमताको चैनपुर सबस्टेसन निर्माण हुनेछ। यस्तै, ४००/१३२ केभी र ३१५ एमभीए क्षमताको बनलेक (पश्चिम सेती) सबस्टेसन समेत निर्माण हुनेछ।

प्रसारण लाइनको लम्बाइ ६० किलोमिटर हुनेछ। त्यसमा १४३ वटा डबल सर्किट टावर निर्माण गरिनेछ। टावरको अधिकतम उचाइ ६१ मिटर र टावरबीचको औसत दूरी ४०८ दशमलव ९९ मिटर रहनेछ भने न्यूनतम दूरी १२७ दशमलव ७९ मिटरसम्म रहनेछ। प्रसारण लाइन निर्माणका लागि कुल २ ९५ दशमलव ४२ हेक्टर जमिन आवश्यक पर्नेछ। त्यसमध्ये टावर निर्माणका लागि ३० दशमलव ४१ हेक्टर जमिन आवश्यक छ।

विद्युत् मार्गको क्षेत्राधिकारअन्तर्गत २६५ हेक्टर जग्गा जरुरी पर्दछ। सबस्टेसन निर्माणका लागि २१ दशमलव ४१ हेक्टर जग्गामध्ये सात हेक्टर बनलेक सबस्टेसनका लागि र १४ दशमलव ३७ हेक्टर चैनपुर सबस्टेसनका लागि जरुरी पर्नेछ। प्रसारण लाइनको क्षेत्राधिकार ४६ मिटर रहनेछ। प्रसारण लाइनको निर्माण कार्य आगामी पाँच वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ